जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१ विज्ञापनको लागि मात्र jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

हार्दिक शुभकामना
देवशिल्पी भगवान विश्वकर्मा पुजनोत्सवको अवसरमा सम्पूर्ण श्रद्धालुहरुमा हार्दिक शुभकामना।
रेडियो टुडे ९१ मेगाहर्ज | टी भी टुडे जनकपुर | जनकपुर टुडे राष्ट्रिय दैनिक
परिवार, जनकपुरधाम

वर्ष २७ •अंक १२० • २०८२ साल आश्विन १ गते बुधबार (17 September, Wednesday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

## आमरण अनसनमा मुख्य अभियुक्त साह

# आफू निर्दोष रहेको दाबी गर्दै छानबिन गर्न र पोलिग्राफी टेस्ट गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुर बमकाण्ड प्रकरणका मुख्य अभियुक्त संजय कुमार साह टकला ललितपुरस्थित नख्खु कारागारमा केही दिनदेखि आमरण अनसनमा बसेका छन् ।

मुख्य अभियुक्त साहले आफूलाई जनकपुर बम काण्डमा जवर्जस्ती फसाएर झुटो मुद्दा लगाइ फसाइएको भन्दै उनले आफ्नो पोलिग्राफी वा नार्गो परीक्षण गर्न तथा आफूमाथि लगाइएको आरोप गलत रहेकाले तत्काल छानबिन गर्न सरकारसंग माग गर्दै आमरण अनसनमा बसेका छन् ।

भदौं २४ र २५ गते भएको जेन- जी आन्दोलनको क्रममा पूर्वगृहमन्त्री रवि लामिछाने नख्खु कारागारबाट खुलेआम फरार भएपछि सोको प्रभाव देशव्यापी रुपमै परेको थियो ।

सोही क्रममा नख्खु कारागारमा रहेका जनकपुर बम काण्ड प्रकरणमा सजाय पाइरहेका मुख्य अभियुक्तसमेत रहेका पूर्वराज्यमन्त्री साहसमेत फरार भइ जनकपुरधामस्थित निजी निवासमा आएका थिए । तर उनीमाथि सुरक्षानिकायले कडा निगरानी गर्न थालेपछि त्यसको केही दिनपछि पक्राउ गरी पुनः नख्खु कारागारमा लगिएको थियो ।

त्यस अघि उनी जनकपुरधामस्थित निवासमा आएपछि सबैभन्दा पहिला जानकी मन्दिरको दर्शनसहित समर्थकसहितको जुलुस प्रदर्शन गरी जनकपुरधाम नगर परिक्रमा गर्ने योजना रहे पनि सुरक्षानिकाय कडा निगरानीका कारण सफल हुन सकेन । त्यसको अर्को दिन बिहान साह गोप्य रुपमा जानकी मन्दिर दर्शन गर्ने योजना बुनेका थिए । तर सो पनि विफल भएपछि उनी नख्खु कारागार फर्किने मनस्थिति बनाए ।



मुख्य अभियुक्त साहलाई सुरक्षानियकाले तत्काल कारागारमा सम्पर्क गरी जान निर्देशन दिएपछि उनी त्यसको अर्को दिन नै नख्खु कारागार जाँदै गर्दा उनलाई काभ्रेबाट प्रहरीले बीच बाटोबाट नै नियन्त्रणमा लिइ मिडियामा पक्राउ गरेको भन्ने खबर फैलाइएको थियो । सो खबर फैलिएपछि उनी रुष्ट बनेका छन् भने उनका समर्थकहरु पनि असन्तुष्टि जनाउन थालेका छन् ।

सो खबर फैलिएपछि मुख्य अभियुक्त साह भने नख्खु कारागारमै आमरण अनसनमा बसेका छन् ।

आफूविरुद्ध सुरक्षानिकायले अफवाह फैलाएको भन्दै उनका समर्थकहरु पूर्वराज्यमन्त्री साह आफैं कारागारका लागि गइरहँदा उनलाई बाटोमै प्रहरीले नियन्त्रणमा लिएको भनि गलत अफवाह फैलाइएको र पक्राउ गरेको भनि सुरक्षानिकायले भ्रामक रुपमा प्रचारवाजी गर्नु दुःखद रहेको बताउँछन् ।

प्रहरीले साहलाई जनकपुरधामबाट पक्राउ गरेर नख्खु कारागार ल्याइएको भन्ने हल्ला फैलिएको भन्दै करिब छ दिनदेखि उनी कारागारमै अनसनमा बसेका छन् । उनले आफूमाथि लगाइएको मुद्दा बारेमा तत्काल छानबिन गर्नुपर्ने भन्दै आमरण अनसनमा थालेका छन् ।

जनकपुरधामबाट काठमाण्डु फर्किँदै गर्दा साहलाई प्रहरी चेकिङको क्रममा काभ्रेबाट पक्राउ गरिएको थियो ।

साह जनकपुरधाममा आएपछि उनले आफू निर्दोष रहेको र अबको दुई महिनाभित्र कारागारबाट रिहा हुने भन्दै आफूलाई जुनसुकै बेला सुरक्षाको प्रत्याभूति दिलाएमा कारागार जान तम्तयार रहेको आफन्तजन तथा समर्थकहरु बीच भलाकुसारी गरेका थिए ।

उनी १२ वर्ष देखि कारागारमा छन् । यसबीचमा उनलाई केही वर्षदेखि सिरहास्थित कारागारमा पनि लामो समयसम्म राखिएको थियो ।

अदालतले उनलाई जन्मकैदको फैसला गरेको छ । २०६९ वैशाख १८ मा जनकपुरधामस्थित रामानन्द चोकमा ५ जनाको ज्यान जानेगरी भएका बम विष्फोटको घटनामा उनी मुख्य अभियुक्त हुन् ।


## विद्यार्थी भर्ना सम्बन्धी सूचना

ADMISSION OPEN



CTEVT बाट सम्बन्धन प्राप्त यस कलेजमा Lab Technology (CMLT), Radiography र Opthalmic Science (आँखा) कार्यक्रमहरुमा शैक्षिक शत्र २०८२ को लागि केही सिट खाली रहेकोले देशै भरीबाट CTEVT Result को Pass List / Cut Off List मा रहेको विद्यार्थीहरूले अध्ययन गर्नको लागि सम्पर्क गर्न हुन जानकारी गराउँदछौं ।

**नोट** :- H.A. D.Pharmacy, MLT, Radiography र Opthamic Science (आँखा) पढन इच्छुक तर NG लागेको र फाराम भर्न छुटेका विद्यार्थीहरुले पनि सम्पर्क गर्नुहोला ।

विस्तृत जानकारीको लागि सम्पर्क :
**वीरेन्द्र इन्स्टिच्यूट अफ मेडिकल एण्ड डे. टेक्नोलोजी**
महेन्द्र इन्स्टिच्यूट अफ मेडिकल साईन्सेज
बाह्र बिगहा र थापा चौकको बिचमा, जनकपुरधाम-८
फोन नं. ९८५४०२५५०७, ९८०७६९२४६०, ०४१-५२१३६६, ९७०५४२१३६६






MAW BUILDING TRUST THROUGH SERVICE
जनकपुर ९८०१६६९२०७ । जलेश्वर ९८५४०२११५१ । महेन्द्रनगर ९८१५८४४३८५ । धनुषाधाम ९८०४८६००५८ । वर्दिवास ९७४६५६८१६४ । लाहान ९८०१५४२६०३
गाईघाट ९८५२८३०२३२ । गोलबजार ९८५२८३२५२८ । मिर्चैया ९८२७७३९००० । सिरहा ९८४२८७३२४१ । फतेपुर ९८०१५०१६२३ । सिन्धुली ०४७-५२०९६६ । कटारी ९८०२७६३०६४
विरगंज ०५१-५२४८५७ । जितपुर ९८५५०२४३४३ । निजगढ ०५३-५४०२७५ । मलंगवा ९८०३७०५७२८ । कलैया ०५३-५५१४६० । लालबन्दि ०४६-५०१०१५ । बरथवा ०४६-५४०२४४ । गौशाला ९८०१६७२६७०

# नारायणी अस्पतालमा आगलागी हुँदा लाखौंको क्षति

**टुडे समाचारदाता**

वीरगञ्ज । पर्साको नारायणी अस्पताल वीरगञ्जको नवजात शिशु सघन उपचार कक्षमा मंगलबार आगलागी भएको छ ।

मंगलबार बिहान अस्पतालको तेस्रो तल्लामा रहेको स्टोरमा विद्युत् सट भइ आगो लागेको थियो । अस्पतालका वारुणयन्त्रले आगो नियन्त्रणमा लिएको थियो । आगलागीमा परी स्टोरमा राखिएका दुई वटा मनिटर, एउटा एलईडी, अक्सिजन प्लान्टमा प्रयोग गरिने पाइप, मास्क, एनआईसियुका उपकरणहरू आदि जलेर करिब १० लाख बराबरको क्षति भएको छ । भने आगलागीबाट मानवीय



सूचना अधिकारी डा. उदयनारायण सिंहका अनुसार आगलागीको कारण स्टोरमा रहेको सम्पूर्ण सामग्री जलेर नष्ट भएको छ ।

वीरगञ्ज महानगरपालिकाको क्षति भने भएको छैन ।

नवजात सघन उपचार कक्षमा भर्ना भएका बालबालिकालाई सुरक्षित रूपमा अन्य विभागमा स्थानान्तरण गरी उपचार भइरहेको जनाइएको छ ।

# सम्पर्कमा नआउने कैदीबन्दीलाई थप पाँच वर्ष कैदको चेतावनी



**टुडे समाचारदाता**

रौतहट । रौतहटस्थित कारागार कार्यालय गौरबाट भागेका कैदीबन्दी आफै सम्पर्कमा नआए तोकिएको सजायमा थप ५ वर्ष कैद सजायको चेतावनी दिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटले मंगलबार सूचना प्रकाशन गर्दै भदौं २४ गते कारागार कार्यालय गौर रौतहटबाट भागि फरार भएका कैदीबन्दीहरु कतिपय सम्पर्कमा आएको र अन्य कैदीबन्दी सम्पर्कमा नआएको हुँदा नजिकको प्रहरी कार्यालय वा कारागार कार्यालय गौर, रौतहटमा सम्पर्क राख्न अनुरोध गरेको छ ।

प्रहरी वा कारागार कार्यालयको सम्पर्कमा नआई भागेकालाई कारागार ऐन २०७९ को दफा ४९ को (ग) बमोजिम तोकिएको सजायमा थप ५ वर्षसम्म कैद सजाय हुने जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजु कार्कीले जानकारी दिए ।

जेन- जी प्रदर्शनको क्रममा सुरक्षा व्यवस्था फितलो हुँदा कारागार कार्यालय गौरबाट भदौं २४ गते राति २ सय ६० कैदीबन्दी फरार भएका थिए । फरार कैदीबन्दीमध्ये २ सय ११ जना अझै फरार रहेको कारागार कार्यालय गौरका प्रमुख मनीष झाले बताए ।

भदौं २४ पछि कारागार कार्यालयको सुरक्षा नेपाली सेनाले गरिरहेको छ । कारागार कार्यालयकै सुरक्षा प्रयोजनको लागि जिल्ला प्रशासन कार्यालय रौतहटले गौरमा पूर्वमा नेपाल लज, पश्चिममा गौर घन्टाघर, उत्तरमा कृषि ज्ञान केन्द्र र दक्षिणमा जुद्ध उच्च मावि सम्म निषेधाज्ञा जारी राखेको छ ।

# वीरगञ्ज महानगरमा १ अर्बभन्दा बढीको क्षति

**टुडे समाचारदाता**

वीरगञ्ज । जेन- जी आन्दोलनको क्रममा वीरगञ्ज महानगरपालिका कार्यालयमा गरिएको तोडफोड, आगजनी र लुटपाटबाट १ अर्ब १५ करोड रुपैयाँभन्दा बढीको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ ।

वीरगञ्ज महानगरपालिका कार्यालयको सभाकक्षमा मंगलबार बसेको नगरपरिषद्को बैठकमा प्रमुख प्रशासकीय अधिकृत अरबिन्दलाल कर्णले प्रस्तुत गरेको प्रतिवेदनमा उक्त अनुमानित क्षतिबारे उल्लेख गरिएको छ ।

जेन- जी आन्दोलनका क्रममा प्रदर्शनकारीको तोडफोड र आगजनीबाट महानगरपालिकाको मुख्य भवनसहित विभिन्न संरचना जलेर नष्ट भएको उक्त प्रतिवेदनमा गरिएको उल्लेख गरिएको छ । महानगरका चारवटा वडा कार्यालय र केही स्वास्थ्य संस्थामा पनि तोडफोड र आगजनी गरिएको र त्यसको क्षतिको विवरण अझै संकलन भइरहेको जनाइएको छ ।

वीरगञ्ज महानगरपालिका कार्यालय भवन, वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमा गरिएको तोडफोड,आगजनी र लुटपाटबाट भएका क्षतिको पूर्ण विवरण तयार भएपछि कुल क्षतिको यथार्थ तथ्यांक सार्वजनिक गरिने प्रमुख प्रशासकीय अधिकृत कर्णले बैठकमा जानकारी गराएका थिए । बैठकले जेनजीको आन्दोलनका क्रममा वास्तविक जेनजीले भन्दा पनि बाह्य घुसपैठमार्फत तोडफोड र आगजनी गराइएको



ठहरसमेत गरेको छ । प्रमुख प्रशासकीय अधिकृत कर्णले बैठकमा जेनजी युवाहरूका नाममा भएको आन्दोलनमा घुसपैठमार्फत आपराधिक गतिविधि भएको प्रमाण फेला परेको जानकारी पनि गराएका थिए ।

उक्त घटनामा संलग्न व्यक्तिहरूको पहिचान गरी आवश्यक कानुनी कारबाहीका लागि जिल्ला प्रशासन कार्यालयमा पत्राचार गर्ने निर्णय पनि नगरपरिषद् बैठकले गरेको छ ।

यसैबीच नगरपरिषद् बैठकले आर्थिक वर्ष २०८२/०८३ मा विनियोजन गरिएको बजेटलाई संशोधन गर्ने र त्यसलाई संरचना पुनर्निर्माणमा प्राथमिकता दिने निर्णय गरेको छ। त्यस सम्बन्धमा आवश्यक प्रक्रिया पूरा गर्न केही दिनमै विशेष अधिवेशन बोलाउने तयारी पनि गरिँदैछ ।

बैठकमा महानगर प्रमुख राजेशमान सिंह, उपप्रमुख इम्तियाज आलम, कार्यपालिका सदस्य, वडाध्यक्ष तथा विभागीय प्रमुखहरूले आ-आफ्ना सुझाव राख्दै पुनर्निर्माणको कामलाई ढिलाइ नगरी तत्काल सुरु गर्नुपर्नेमा जोड दिएका थिए। बैठकले हालको असामान्य परिस्थितिमा वीरगन्ज महानगरपालिका कार्यालयको सेवालाई फेरि सुचारु बनाउन र जनताको सेवामा अविच्छिन्न रूपमा लागिरहने प्रतिबद्धता प्रकट गरेको छ ।

गत मंगलबार जेन- जी आन्दोलनका क्रममा भएको प्रदर्शनमा महानगरपालिका कार्यालय तथा भवन, वडा कार्यालयमा तोडफोड र आगजनी गरिँदा कार्यालयका कागजात, फर्निचर, कम्प्युटरलगायतका सामग्री जलेर खरानी भएका थिए। महानगर प्रमुख सिंहको निजी निवासमा पनि आगजनी गरिएको थियो ।

# लाटोकोसेरोको संरक्षणमा बरदान बन्दै "ह्विट्ली अवार्ड"

काठमाण्डु । प्रकृतिका साथीहरू संस्थाका निर्देशक राजु आचार्यले गत वर्ष बेलायतमा प्राप्त गर्नुभएको विश्व प्रसिद्ध 'ह्विट्ली अवार्ड' गण्डकी प्रदेशमा लाटोकोसेरोको संरक्षणका लागि बरदान साबित बन्दै गएको छ । व्यक्तिगत रुपमा प्रदान गरिने उक्त अवार्डबापतको रकम संस्थागत रुपमा उपयोग हुनुपर्ने प्रावधानअनुरुप प्रकृतिका साथीहरूलाई नेपालको लाटोकोसेरो संरक्षण परियोजनाका लागि ह्विट्ली फन्ड फर नेचरले ५० हजार पाउन्ड सहयोग प्रदान गरिएको थियो ।

संस्थाका निर्देशक संरक्षणकर्मी आचार्यलाई बेलायती राजकुमारी एनले गत वर्ष लन्डनमा उक्त अवार्डबाट पुरस्कृत गर्नुभएको थियो । प्रदेशभित्र सम्बन्धित जिल्लाका डिभिजन वन कार्यालय र वडा कार्यालय, सामुदायिक वन उपभोक्ता समितिको सहकार्यमा परियोजनाअन्तर्गतका काम गरिएको हो ।

परियोजनाको सुरुआतमा केशवराज सापकोटा, सुदर्शन पराजुली, ज्योति शर्मा, दीपा गुरुङ, आयुष ढुङ्गाना र बालकुमार गुरुङलाई लाटोकोसेरो संरक्षणदूत बनाइएको थियो । उहाँहरूलाई संस्थाले तालिम दिएर संरक्षण कार्यमा खटाएको थियो । उक्त परियोजनामा संरक्षणदूतसहित प्रकृतिका साथीहरूका निर्देशक राजु आचार्य, केशव दाहाल, सुमन सापकोटा, सङ्गम पौडेल र अनु पौडेलसहित ११ जना खटिनुभएको थियो ।

उक्त अवार्डबापतको रकमलाई गुलेली नियन्त्रण, बुढा रूखको संरक्षण, कृत्रिम गुँडको वितरण तथा लाटोकोसेरोको अवैध चोरी-सिकारी नियन्त्रण आदिमा उपयोग गरिएको निर्देशक आचार्यले जानकारी दिनुभयो । परियोजनाअन्तर्गत गत वर्ष भदौबाट कास्कीमा ८९, स्याङ्जामा सात, म्याग्दी र बागलुङमा दुई/दुई गरी एक सय कृत्रिम गुँड राखिएको छ । संस्थाले परीक्षणका लागि गुँडको गतिविधि नियाल्न एउटा गुँडको भित्र र बाहिर सिसिटिभी क्यामरा पनि जडान गरेको छ। राखिएका गुँडमध्ये सातवटा गुँडमा लाटोकोसेरोले बास बनाएको छभने ४८ वटामा चिवे, धोबिनी, डाँग्रे, परेवा, खोले कल्चौडो चरा बसेका छन् । लाटोकोसेरोले आफैं गुँड नबनाउने र अरू चराले बनाएकामा बस्ने भएकाले यसको संरक्षणमा कृत्रिम गुँड फलदायी हुने आचार्यको विश्वास छ ।

नेपालमा लाटोकोसेरोको अस्तित्व गम्भीर सङ्कटमा परेको बताउँदै आचार्यले लाटोकोसेरोको अवैध शिकार, व्यापार, मिथक विश्वास, गुलेली प्रयोग र पुराना रुखको विनाशका कारण हरेक वर्ष करिब एक हजार ५०० लाटोकोसेरो मर्ने तथा व्यापार हुने गरेको पाइएको जानकारी दिनुभयो । यही तथ्याङ्कलाई दृष्टिगत गर्दै समुदाय, विद्यालय र सरकारी निकायहरूको सहकार्यमा पाँच सामुदायिक वनलाई गुलेली-मुक्त र तीन सामुदायिक वनलाई लाटोकोसेरो संरक्षण क्षेत्र घोषणा गरिएको छ ।



यस अभियानले लाटोकोसेरो मात्र नभई गिद्ध, चील र अन्य दुर्लभ प्रजातिहरूलाई पनि फाइदा पुऱ्याएको आचार्य बताउनुहुन्छ । उहाँका अनुसार यस अभियानलाई सम्भव बनाउन ह्विट्ली फन्ड फर नेचर (डब्लुएफएन), बेलायतले प्रदान गरेको सहयोगले महत्वपूर्ण आधार तयार गरेको हो । "नेपालमै पहिलो पटक समुदायले आफ्नै वनलाई गुलेली-मुक्त घोषणा गरेर लाटोकोसेरो बचाउने प्रतिबद्धता देखाएका छन्", उहाँले थप्नुभयो, "यो समुदायको स्वामित्वमा आधारित संरक्षण आन्दोलन हो ।"

कार्यक्रमअन्तर्गत गुलेली-मुक्त घोषणा गरिएका पाँच सामुदायिक वनमा कास्कीको तिब्रेकोट, स्याङ्जाको रोलबराह-सिम्रिकलेक, म्याग्दीको देउरालीपाखा, कास्कीको शान्ति तथा सालघारी र श्रीगणेश-भद्रकाली मन्दिर क्षेत्र रहेका छन् । यी क्षेत्रहरूको कुल क्षेत्रफल २५५.२४ हेक्टर रहेको जानकारी दिँदै उहाँले थप १३७.५ वर्ग किलोमिटर क्षेत्रमा गुलेली खरिद-बिक्री रोकथाम गर्ने चेतना अभियान सुरु गरिएको जानकारी दिनुभयो ।

स्तै लाटोकोसेरो संरक्षण क्षेत्रका रूपमा कास्कीको तिब्रेकोट, स्याङ्जाको रोलबराह-सिम्रिकलेक र म्याग्दीको देउरालीपाखा सामुदायिक वनलाई घोषणा गरिएको छ । यी संरक्षण क्षेत्र १८०.२५ हेक्टरमा फैलिएका छन् । यस क्षेत्रमा हालसम्म २९८ प्रजातिका चरा अभिलेखित गरिएको छ । सङ्कटग्रस्त गिद्ध र स्थानीय चराहरू पनि यिनै क्षेत्रमा सुरक्षित रहेको बताउँदै उहाँले विद्यालयस्तरमा पनि अभियानलाई सशक्त बनाउन दुई विद्यालयमा लाटोकोसेरो क्लब गठन गरिसकिएको जानकारी दिनुभयो ।

स्कीको गौरीशङ्कर माध्यमिक विद्यालय र हेन्जा बोर्डिङ स्कुलमा स्थापना भएका क्लबहरूले सरसफाइ, रोपाइँ, चित्रकला प्रतियोगिता र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिरहेका छन् । क्लब गठनसँगै लाटोकोसेरोसहित चराचुरुङ्गीको संरक्षणमा विद्यालय तथा समुदायस्तरमा सचेतना अभिवृद्धि भइरहेको गौरीशङ्कर माध्यमिक विद्यालयका लाटोकोसेरो क्लबका संरक्षक रुद्रप्रसाद देवकोटाले जानकारी दिनुभयो । "क्लब गठनसँगै विद्यार्थीहरूमा पर्यावरण जोगाउन लाटोकोसेरोको कति महत्व छ भन्ने कुरा सचेतना अभिवृद्धि एवं संरक्षण प्रतिको क्रियाशीलता बढेको छ", उहाँले भन्नुभयो ।

पोखरा र आसपासका क्षेत्रमा पाइने गोठे लाटोकोसेरो मानव बस्ती नजिकै बस्न रुचाउने पन्छी हो । यस पन्छीले कृषि क्षेत्रमा मुसा नियन्त्रणमा महत्वपूर्ण भूमिका खेल्छ । लाटोकोसेरोको एउटा परिवारले एक याममा दुई हजारदेखि तीन हजारसम्म मुसा खान सक्ने हुँदा यसबाट कृषि उत्पादनमा वृद्धि गर्न सहयोग पुग्दछ । त्यसैले यसलाई किसानको साथी पनि भनिन्छ ।

पोखरा महानगरपालिका-२५ हेम्जाले त गोठे लाटोकोसेरोलाई 'वडा पन्छी' र राजगोमनलाई 'वडा सर्प' घोषणा गरिसकेको छ । गत असारमा वडाध्यक्ष मोतीलाल तिम्सिनाले हेम्जामा आयोजित लाटोकोसेरो र सर्प संरक्षण तथा जनचेतनामूलक कार्यक्रममा उक्त घोषणा गर्नुभएको थियो । वडाको बैठकबाट सर्वसम्मत रूपमा निर्णय गरेर वडा पन्छी र वडा सर्प घोषणा गरिएको वडाध्यक्ष तिम्सिनाले जानकारी दिनुभयो ।

तथ्याङ्कअनुसार यो अभियानसँगै विद्यार्थीबीच गुलेली प्रयोग १९ प्रतिशतले घटेको छ । त्यस्तै कानुन कार्यान्वयनमा पनि उल्लेखनीय प्रगति भएको छ । कार्यक्रमअन्तर्गत नै गण्डकी प्रदेशको २३३ वनकर्मी, प्रहरी अधिकारी तथा स्थानीय राजनीतिज्ञलाई प्रशिक्षण दिइएको छ । यस प्रशिक्षणपछि गण्डकी प्रदेशमा लाटोकोसेरोको अवैध सिकार र व्यापारमा २७.५ प्रतिशत कमी आएको अध्ययनले देखाएको आचार्यले जानकारी दिनुभयो ।

"प्रशिक्षणसँगै सम्बन्धित त्यसका सहभागीले संयुक्त पेट्रोलिङ, छड्के अनुगमन र सूचनामा तत्काल प्रतिक्रिया दिने अभ्यासलाई मजबुत बनाएका छन्", उहाँले भन्नुभयो, "समुदायस्तरमा संरक्षण चेतना बढाउन एक वर्षको अवधिमा १०५ वटा शिविर आयोजना गरिएको छ । यसबाट छ हजार ६५६ जनासम्म प्रत्यक्ष लाभान्वित भएका छन् ।"

पछिल्लो समयमा लाटोकोसेरोको संरक्षणमा विद्यार्थी, स्थानीयवासी र लाटोकोसेरो दूतहरू सक्रिय रूपमा सहभागी भएका छन् । यस बीचमा छ जना लाटोकोसेरो दूतहरूले मात्र २५ घाइते लाटोकोसेरो उद्धार गरी पुनःस्थापना गरेका छन् भने २८० गुलेली सङ्कलन गरेका छन् । यस बीचमा सयवटा कृत्रिम गुँडको चयन तथा निगरानीमा नेतृत्वदायी भूमिका निर्वाह गरिएको संरक्षण दूत बालकुमार गुरुङले जानकारी दिनुभयो ।

उहाँका अनुसार लाटोकोसेरोको वासस्थान संरक्षणका लागि पाँच सयवटा पुराना रुखलाई चिनो लगाएर जोगाइएको छ । यसका कारण यी रुखहरूले लाटोकोसेरोसहित सयौँ चराका लागि सुरक्षित बासस्थान उपलब्ध गराएको उहाँले बताउनुभयो ।

कार्यक्रमअन्तर्गत नै शहरी एवम् अर्धशहरी क्षेत्रमा एक सयवटा कृत्रिम गुँड जडान गरिएको छ । जडान गरिएका कृत्रिम गुँडमा ४८ प्रतिशतमा चरा बसोबास गरेको पाइएको छ । त्यस्तै कृत्रिम गुँडमध्ये सातवटा गुँडमा भने लाटोकोसेरोले सफलतापूर्वक प्रजनन् गरेको प्रमाण भेटिएको छ ।

गुँडहरू सकेसम्म लामो समयसम्म टिकाउ होस् भन्ने उद्देश्यले टुनीको काठबाट बनाइएको छ । गुँडहरू घर, विद्यालय, सामुदायिक भवन, वडा कार्यालय, मन्दिर, चौतारा, पार्क, पार्टी प्यालेसमा राखिएको छ । टुनीको काठ अन्य काठ भन्दा टिकाउन हुने भएकाले केही लगानी बढी भए पनि टुनीको काठ प्रयोग गरिएको आचार्यले जानकारी दिनुभयो ।

सचेतनासँगै गुलेली प्रतिबन्ध कार्यक्रमअन्तर्गत २० पसलमा गरिएको निगरानीमा सुरुआती अवस्थामा ५४५ गुलेली भेटिएकोमा पछि यो संख्या ६४ प्रतिशतले घटेका छन् । अभियानकै क्रममा १३ वटा पसलले गुलेली नबेच्ने सूचना टाँसेका छन् र १२ स्थानमा संरक्षणसम्बन्धी होर्डिङ बोर्ड जडान गरिएको छ । यीसहित पोखरा-१३ को भद्रकाली बन, पोखरा-२३ को शान्ति तथा सल्लाघारी सामुदायिक बनलाई गुलेली प्रतिबन्धित क्षेत्र घोषणा गरिएको छ ।

थाले गरेको अध्ययनअनुसार पोखराको महेन्द्रपुल, पामे, हेम्जा र भद्रकाली क्षेत्रबाट मात्रै वर्षमा १२ हजार गुलेली बिक्री हुने गर्छ । संस्थाले गुलेली प्रतिबन्धित क्षेत्र वरपर रहेका पसलबाट गुलेली किनेर 'यो पसलमा गुलेली बेच्दैनौं' लेखिएको बोर्ड पनि टाँगेको छ । निर्देशक आचार्यले ती क्षेत्रमा बाँदर धपाउन गुलेलीको प्रयोग गर्न दिइए पनि चरा मार्न प्रयोग गर्नबाट रोकिएको छ ।

यस्ता उपलब्धिले लाटोकोसेरो मात्र नभई अन्य जीवजन्तु र चराहरूको दीर्घकालीन संरक्षणमा योगदान पुऱ्याएको छ । पुराना रुख बचाउने, कृत्रिम गुँड राख्ने र गुलेली नियन्त्रण गर्ने कदमहरूले गिद्ध, चील र अन्य संकटग्रस्त प्रजातिलाई पनि सुरक्षित बनाएका छन् ।

परियोजना टोलीले आगामी दिनमा थप गुलेली मुक्त बस्ती र संरक्षण क्षेत्र घोषणा गर्ने, पुराना रुखको दीर्घकालीन निगरानी गर्ने, विद्यालयस्तरमा 'लाटोकोसेरो सुरक्षित विद्यालय' कार्यक्रम विस्तार गर्ने र लाटोकोसेरो संरक्षण केन्द्र स्थापना गर्ने लगायतका योजना अघि सारेको छ । यो अभियानले संरक्षण केवल सरकारी काम मात्र नभै समुदाय र विद्यालयले पनि हातेमालो गर्दा महत्वपूर्ण उपलब्धि हासिल गर्न सकिने कुरालाई उजागर गर्ने कुरालाई थप प्रमाणित गरेको संरक्षण दूत गुरुङको भनाइ छ ।रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | व्यक्तित्व विकास वा थप अध्ययनको अवसर प्राप्त हुनेछ । |
| वृष : | सहकार्य वा साझेदारीको काममा दौडधुप गर्नुपर्ने समय हो । |
| मिथुन : | नयाँ योजना प्रारम्भ गर्न उत्तम समय छ। |
| कर्कट : | सामान्य भनाभनमा ठुलै झगडापर्ने दिन छ । |
| सिंह : | आफूलाई कमजोर या नजान्ने नठान्नु होला । |
| कन्या : | परिबन्द र बाध्यताका काममा रुमल्लिनु पर्ने हुन्छ । |
| तुला : | कारोबारमा राम्रै फड्को मार्ने समय छ। |
| वृश्चिक : | हाकिम वा वरिष्ठ कर्मचारीसंग निकटता बढनाले विशेष लाभ लिनसक्ने समय हो। |
| धनु : | कला वा सिर्जनासंग सम्बन्धित कामबाट प्रतिष्ठा र सम्मान पाउने दिने हो। |
| मकर : | झिनामसिना काम र घरेलु काममा अलमलिंदै दिन बित्नसक्छ। |
| कुम्भ: | दाम्पत्य जीवनको भरपूर सुख भोग गर्न पाइने छ । |
| मीन : | प्रतिस्पद्धा, खेल र तर्कमा सहभागी हुने दिन छ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

रत्न सागर मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

जानकी मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर
प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |




'जेनजी' आन्दोलनका कारण सप्तरीको सदरमुकाम राजविराजमा छ दिनदेखि उठ्न नसकेको फोहर सरसफाइमा जुट्दै स्थानीयबासी। आन्दोलका क्रममा तोडफोड र आगजनीबाट राजविराज नगरपालिकाको फोहरमैला उठाउने टिपर र ट्याक्टरसमेत नष्ट हुँदा हाल नगर दुर्गन्धित भएको छ। *तस्बिरः रासस*

# सनातन हिन्दू राष्ट्र कायम गर्न माग




**टुडे समाचारदाता**

जनकपुरधाम । सनातन हिन्दू समाज नेपालले राष्ट्रमा लोकतान्त्रिक व्यवस्थामा सनातन हिन्दू राष्ट्र्य कायम गरिनु पर्ने माग गरेका छन् ।

जनकपुरधाममा मंगलबार पत्रकार सम्मेलनमार्फत राष्ट्रमा सँधैभरिका लागि युवा पुस्ता र अन्तरिम सरकारले देशलाई सनातन हिन्दू राष्ट्र कायम गर्नेतर्फमा जोड दिन आग्रह गरे। हिन्दू समाज नेपालका अगुवा एवम जानकी मन्दिरका छोटे महन्त राम रोशन दासले नेपालको इतिहासमै सनातन हिन्दू राष्ट्र रहेको बताए। उनले नेपाल र नेपालीको आहार, पाहार र व्यवहार सनातनी रहेकोले हिन्दू संस्कृतिलेनै गर्दा देश चलिरहेको जानकारी दिए। महन्थ दासले सनातन र संस्कृतिनै हाम्रो देशको धरोहर रहेको बताए। उनले हरेक घर र हरेक स्थानमा कुनै शुभ कार्य हुँदा हिन्दू संस्कृति अनुसार नै पूजा अर्चना गरेर कार्य शुरु गर्ने चलन अहिले पनि व्याप्त रहेको उल्लेख गरे।

महन्त दासले नयाँ पुस्ताले देखाएको पराक्रमको प्रशंसा गर्दै शहीद भएकाहरुप्रति श्रद्धाञ्जली व्यक्त गर्दै नयाँ पुस्तालाई धर्म संस्कृति बचाउन भूमिका खेल्नु पर्नेमा जोड दिए।

## निर्वाचनका लागि प्रारम्भिक तयारी सुरु

काठमाण्डु। प्रतिनिधिसभा विघटन भई आगामी फागुन २१ गते निर्वाचनको मिति घोषणा भएपछि निर्वाचन आयोगले प्रारम्भिक तयारीका काम सुरु गरेको छ।

यसअघि आगामी कात्तिक १७ गतेका लागि निर्धारित रुपन्देही निर्वाचन क्षेत्र नं ३ को प्रतिनिधिसभा सदस्य उपनिर्वाचनसम्बन्धी सम्पूर्ण कार्यक्रम रद्द गरी मध्यावधि निर्वाचनका लागि आयोगले प्रारम्भिक तयारी सुरु गरेको हो।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले निर्वाचन घोषणासँगै सरकारसँगको औपचारिक परामर्श र अन्य व्यवस्थापकीय तयारी तथा योजना तर्जुमा सुरु भएको बताउनुभयो। नवनियुक्त अर्थमन्त्री रामेश्वर खनालले निर्वाचनका लागि आवश्यक पर्ने रकमको प्रबन्ध हुनेगरी बजेट परिमार्जित गर्ने घोषणा गरिसक्नुभएको छ।

यही भदौ २३ २४ गते भएको 'जेनजी पुस्ता'को आन्दोलन र यसबाट उत्पन्न परिस्थितिका कारण तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले राजीनामा दिनुभएपछि राष्ट्रपति रामचन्द्र पौडेलले पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीलाई यही भदौ २७ गते प्रधानमन्त्रीमा नियुक्त गर्नुभएको थियो।रासस

# तातोपानी र रसुवागढी नाका सञ्चालनमा ल्याउन नसकेपछि मुस्ताङ भन्सार खोलियो

काठमाण्डु । चीनसँगको वैदेशिक व्यापारका लागि प्रयोग हुँदै आएका सिन्धुपाल्चोकको तातोपानी र रसुवाको केरुङ नाका सञ्चालनमा ल्याउन नसकेपछि मुस्ताङ भन्सार खुला गरी कोरला नाकाबाट व्यापार सुरु गरिएको छ।

भन्सार विभागका सूचना अधिकारी किशोर बर्तौलाका अनुसार सोमबारदेखि कोरला नाकाबाट निकासी-पैठारी सुरु भएको हो । "बाढी-पहिरोका कारण क्षतिग्रस्त तातोपानी र रसुवागढी भन्सारबाट आयात-निर्यात हुन सकेको छैन। चीनसँगको व्यापारका लागि सोमबारदेखि कोरला नाका सञ्चालनमा आएको छ। त्यहाँबाट नियमित जाँचपास सुरु भइसकेको छ", बर्तौलाले रासससँग भन्नुभयो।




कोरला नाका सञ्चालनमा आएसँगै नेपाल राष्ट्र बैङ्कले मंगलबार बैङ्क तथा वित्तीय संस्थालाई परिपत्र गर्दै यो नाकाबाट वस्तु आयात गर्न प्रतीतपत्र (एलसी) खोल्ने व्यवस्था मिलाउनसमेत निर्देशन दिएको छ।

विदेशी विनिमय कारोबार गर्न इजाजतप्राप्त निकायलाई जारी गरिएको एकीकृत परिपत्र-२०८१ मा संशोधन गर्दै राष्ट्र बैङ्कले चिनियाँ भूभाग भई ट्रक वा रेलमार्गबाट प्रतीतपत्रमार्फत आयात गर्दा मुस्ताङ भन्सार नाकाबाटसमेत आयात गर्न सकिने व्यवस्था मिलाइएको कार्यकारी निर्देशक रेवतीप्रसाद नेपालले जानकारी दिनुभयो।

यसअघि बैङ्क तथा वित्तीय संस्थाले चीनतर्फका तातोपानी भन्सार र रसुवा भन्सारबाट मात्रै आयात गर्न प्रतीतपत्र खोल्ने अनुमति पाएका थिए।रासस

# चोरी तथा लुटिएका सुनचाँदी बजारमा आउनसक्छ, विशेष सतर्कता अपनाउनुहोस्

काठमाण्डु । सुनचाँदी व्यवसायीहरूको छाता संस्था नेपाल सुनचाँदी रत्न तथा आभूषण महासङ्घले जेनजी आन्दोलनका क्रममा चोरी भएका तथा लुटिएका सुनचाँदी बेच्न आउनसक्ने भन्दै विशेष सतर्कता अपनाउन व्यवसायीलाई आग्रह गरेको छ।

महासङ्घका महासचिव निरबहादुर विश्वकर्माले मंगलबार एक विज्ञप्ति जारी गरी आन्दोलनका क्रममा लुटपाट भएका सुनचाँदी बिक्रीका लागि पसलमा आउनसक्ने भन्दै विशेष सतर्कता अपनाएर व्यवसाय सञ्चालन गर्न आग्रह गर्नुभयो।

महासङ्घले आन्दोलनका क्रममा ऐतिहासिक सम्पदा, सिंहदरबार, संसद् भवन, सर्वोच्च अदालत, प्रहरी कार्यालयदेखि निजी सम्पत्तिसम्ममा ठूलो क्षति पुगेको उल्लेख गर्दै कैयौं कैदीबन्दी फरार भएको र लुटपाटका घटना भइरहेकाले व्यवसायीले सावधानीपूर्वक कारोबार सबैलाई



आग्रह गरेको हो।

महासचिव विश्वकर्माले चोरी वा लुटपाट भएका सुनचाँदीसमेत बजारमा आउन सक्ने सम्भावना उच्च भएकाले कुनै पनि कारोबार गर्दा ग्राहकको प्रमाणित परिचयपत्र र आवश्यक कागजात अनिवार्य रूपमा जाँच गर्न व्यवसायीलाई आग्रह गर्नुभयो।

त्यस्तै, बहुमूल्य गरगहनाको सुरक्षाका लागि सिसी टिभी, अर्लाम वा अन्य उपकरणको व्यवस्था मिलाउन, भीडभाडलाई नियन्त्रणमा राख्न, अपरिचित व्यक्तिलाई सजिलै पसल वा घरमा प्रवेश नदिन र कुनै पनि शङ्कास्पद गतिविधि देखिएमा तुरुन्त प्रहरी वा सुरक्षाकर्मीलाई जानकारी गराउन महासङ्घले व्यवसायीलाई भनेको छ । महासङ्घले आगामी चाडपर्वलाई ध्यानमा राख्दै व्यवसाय सुरक्षित सञ्चालन गर्न स्थानीय सरकार तथा नजिकको प्रहरीसँग निरन्तर समन्वयमा रहन व्यवसायीलाई आग्रह गरेको छ । महासङ्घले जेनजी प्रदर्शनका क्रममा मृत्यु भएकाप्रति श्रद्धाञ्जलि अर्पण गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गरेको छ।रासस

# उच्च मनोबलका साथ काममा खटिन गृहमन्त्रीको निर्देशन

काठमाण्डु। गृहमन्त्री ओमप्रकाश अर्यालले उच्च मनोबलका साथ काममा खटिन ट्राफिक प्रहरीलाई निर्देशन दिनुभएको छ। उहाँले मंगलबार काठमाडौँ उपत्यका ट्राफिक नवराज अधिकारीलगायतले ट्राफिक प्रहरी कार्यालयको पछिल्लो अवस्थाका बारेमा जानकारी गराउनुभएको थियो।

सो अवसरमा गृहमन्त्री अर्यालले ट्राफिक प्रहरीका भवन



प्रहरी कार्यालयको निरीक्षण गर्दै उक्त निर्देशन दिनुभएको हो।

सोही क्रममा गृहमन्त्री अर्याललाई काठमाडौँ उपत्यका प्रहरी कार्यालयका प्रमुख, प्रहरी अतिरिक्त महानिरीक्षक दानबहादुर कार्की, काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय प्रमुख, प्रहरी वरिष्ठ उपरीक्षक निर्माणलगायतमा सरकारले पूर्ण सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो। यही भदौ २३ र २४ गते भएको 'जेनजी पुस्ता'को आन्दोलनका क्रममा काठमाडौँ उपत्यका ट्राफिक प्रहरी कार्यालय, ट्राफिक पोसाक र साधनसमेत जलेर नष्ट भएका थिए।रासस

# मुख्यमन्त्री शाहद्वारा क्षतिग्रस्त संरचनाको अनुगमन

गोदावरी । सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्री कमलबहादुर शाहले 'जेनजी' आन्दोलनका क्रममा तोडफोड र आगजनीबाट क्षतिग्रस्त भएका भौतिक संरचनाको अनुगमन गर्नुभएको छ।

उहाँले मंगलबार धनगढीस्थित प्रदेश मन्त्रालय तथा विभिन्न सरकारी कार्यालयमा पुगेर क्षतिको अवस्थाबारे अस्थलगत अवलोकन गर्नुभएको हो । त्यस क्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, आर्थिक मामिला मन्त्रालय, भौतिक पूर्वाधार विकास मन्त्रालय, उद्योग, वन तथा पर्यटन मन्त्रालय, सामाजिक विकास मन्त्रालय, आन्तरिक मामिला तथा कानुन मन्त्रालयलगायत विभिन्न २५ वटा सरकारी कार्यालयको अनुगमन गर्दै क्षतिबारे जानकारी



लिनुभएको हो।


मुख्यमन्त्री शाहले जनताको अत्यावश्यकीय सेवा प्रवाह हुने मन्त्रालय र कार्यालयलाई सकेसम्म चाँडै सेवा सञ्चालन गर्न निर्देशन दिनुभयो। उहाँले सामाजिक विकास मन्त्रालयबाट धैरै क्षेत्रका काम हुने भएकाले चाँडै काम सुरु गर्न मन्त्री मेघराज खड्का र कर्मचारीलाई निर्देशन दिनुभयो।

> मुख्यमन्त्री शाहले जनताको अत्यावश्यकीय सेवा प्रवाह हुने मन्त्रालय र कार्यालयलाई सकेसम्म चाँडै सेवा सञ्चालन गर्न निर्देशन दिनुभयो ।

अन्य मन्त्रालयभन्दा सामाजिक विकास मन्त्रालयमा कम क्षति भएका कारण पनि आवश्यक सामानको व्यवस्थापन गरे मन्त्रालयको कामकाज सञ्चालन गर्न सकिने अवस्था रहेको छ।

यसैबीच तोडफोड र आगजनीबाट क्षतिग्रस्त यहाँको मालपोत कार्यालयलाई विभिन्न सहकारी संस्थाले मंगलबार संयुक्त रूपमा रु तीन लाख १५ हजार आर्थिक सहयोग हस्तान्तरण गरेका छन्।रासस





**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# मधेश प्रदेशको राजनीतिक अन्योल

मधेश प्रदेशको राजनीति अहिले गहिरो अन्योल र अस्थिरताको चपेटामा फसेको छ । मुख्यमन्त्री सतीशकुमार सिंहको नेतृत्वमा रहेको सरकारको हठवादिता र अस्पष्ट निर्णयका कारण प्रदेशको शासन व्यवस्था नै धरापमा परेको छ । जनमत पार्टीले सरकारलाई दिएको समर्थन फिर्ता लिएर मुख्यमन्त्रीलाई राजीनामा दिन दबाब दिए पनि उनले राजीनामा दिन आनाकानी गर्दा यो संकट झनै बढेको छ। मुख्यमन्त्री सिंहले पार्टीको निर्देशनको अवज्ञा गर्दै पदमा रहिरहन खोज्दा संवैधानिक र राजनीतिक जटिलताहरू उत्पन्न भएका छन्। पार्टीले उनलाई फिर्ता बोलाउनका लागि प्रदेश प्रमुखको कार्यालयमा पत्राचार गरे पनि उनले लिखित रूपमा राजीनामा नबुझाएकाले नयाँ सरकार गठनको प्रक्रिया सुरु हुन सकेको छैन। यसले गर्दा प्रदेश सरकार छ कि छैन भन्नेमा नै अन्योल बढेको छ । मुख्यमन्त्री सिंहले एकपटक सामाजिक सञ्जालमार्फत राजीनामाको घोषणा गरेर फेरि आफू नै मुख्यमन्त्री रहेको दाबी गर्नुले उनको निर्णय प्रक्रियामा स्थायित्वको कमी देखाउँछ । जेन-जी आन्दोलनको समयमा सुरक्षा निकायको दबाब र पार्टी अध्यक्ष डा. सीके राउतको बढ्दो राजनीतिक महत्वाकांक्षाका कारण उनले राजीनामा दिएको देखिन्छ। यस घटनाले मुख्यमन्त्रीको निर्णय व्यक्तिगत दबाब र राजनीतिक स्वार्थबाट प्रेरित भएको स्पष्ट हुन्छ । यस घटनाक्रममा डा. राउतको भूमिका पनि प्रश्नमुक्त छैन । आन्दोलनलाई समर्थन गरेर संघीय सरकारमा प्रधानमन्त्री बन्ने उनको महत्वाकांक्षाले मुख्यमन्त्री सिंहलाई 'बलि' बनाएको भन्ने आरोपले जनमत पार्टीभित्रको आन्तरिक द्वन्द्वलाई उजागर गर्छ। मुख्यमन्त्रीले राजीनामा नदिई भारत जानु र पछि फर्किएर पुनः पद दाबी गर्नुले राजनीतिक नैतिकता र जिम्मेवारीप्रतिको उनको उदासीनतालाई संकेत गर्छ । समग्रमा, मधेश प्रदेशको वर्तमान संकट केवल एक व्यक्तिको हठ मात्र नभई सत्ता र शक्तिको खेलको उपज हो । यसले राजनीतिक नेतृत्वको अपरिपक्वता, दलहरूको आन्तरिक द्वन्द्व र संवैधानिक प्रक्रियाको अवमूल्यनलाई प्रस्ट पार्छ । जबसम्म मुख्यमन्त्रीले औपचारिक रूपमा राजीनामा बुझाउँदैनन् र नयाँ सरकार गठनको मार्गप्रशस्त हुँदैन, तबसम्म प्रदेश सरकारको भविष्य अन्योलग्रस्त नै रहनेछ । यस परिस्थितिको तत्काल समाधान नखोजिए मधेश प्रदेशमा राजनीतिक अस्थिरता अझै बढ्ने खतरा छ । जेन-जी आन्दोलन सफलता पछि नवगठित अन्तरिम सरकारले जुनसुकै बेला प्रदेश सरकारसमेत खारेज गर्न सक्ने एकतिर डर छ भने अर्कोतर्फ मधेश प्रदेशमा मुख्यमन्त्री सिंहले देखाएको अपरिपक्वताको कारण उनीमा नैतिकताको टड्कारो कमी रहेको देखिन्छ । त्यसैले मुख्यमन्त्री सिंहले सहजै रुपमा मार्ग प्रशस्त गरी प्रदेशमा नयाँ सरकार गठनका लागि पहलकदमी लिनुपर्ने आजको आवश्यकता देखिन्छ ।

# काठमाडौँ त्यसरी नै जल्यो जसरी रोम पहिले जलेको थियो, नीरोले आफ्नो सारंगी बजाइरहेको थियो



डा. केदार कार्की

नेपाल शून्यता, डर र अकल्पनीय कुराको दोबाटोमा उभिएको छ। नेपाल आफैं पनि विरोधमा जलिरहेको छ, जसरी प्राचीन समयमा रोम जलिरहेको थियो। रोम आगोमा डुबेको थियो, यसको आकाश भयानक रातो थियो, जबकि सम्राट नीरो एकान्तमा बसिरहेका थिए, संगीतमा हराइरहेका थिए, अनौठो शान्तिमा आफ्नो सारंगी बजाइरहेका थिए। शहरको चिच्याहट धुवाँसँगै उठ्दै जाँदा, उनी बजाइरहे–उनको साम्राज्यलाई घेरेको विनाशको बेवास्ता गर्दै। नेपालमा, भ्रष्टाचार विरुद्धको यो आँधीले अनगिन्ती चीजहरूलाई घेरेको छ र ध्वस्त पारेको छ–अमूल्य खजाना, यति ठूलो क्षति कि गणना गर्न गाह्रो छ। प्रधानमन्त्री, गृहमन्त्री र धेरै अन्य मन्त्री र सांसदहरूले पहिले नै राजीनामा दिइसकेका छन्। सरकार ढलेको छ।

बंगलादेश र इन्डोनेसियामा यस्तै प्रकारको अशान्ति पछि, नेपालका युवाहरू सोमबार, सेप्टेम्बर ८ मा सडकमा उत्रिए, कथित सरकारी भ्रष्टाचार र भर्खरै लगाइएको सामाजिक सञ्जाल प्रतिबन्धको निन्दा गर्दै शान्तिपूर्ण विरोध प्रदर्शन गरे। प्रहरीले प्रदर्शनकारीहरू विरुद्ध हिंसात्मक बल प्रयोग गर्‍यो, जसको परिणामस्वरूप २२ जनाको मृत्यु भयो - जसमध्ये धेरैजसो युवा सरकार विरोधी कार्यकर्ताहरू थिए - र सयौं घाइते भए। प्रहरीले प्रदर्शनकारीहरू विरुद्ध गोलाबारुद, पानीको फोहोरा र अश्रुग्यास प्रयोग गर्‍यो, धेरैजसो अझै पनि स्कूल पोशाकमा थिए। अशान्तिले प्रधानमन्त्री केपी शर्मा ओलीको राजीनामालाई प्रेरित गरेको छ।

मंगलबारसम्म, क्रोधित प्रदर्शनकारीहरूले प्रहरी कर्फ्यूको अवज्ञा गरे, नेपालका सार्वजनिक संस्थाहरू, ऐतिहासिक स्थलचिह्नहरू र निजी व्यवसायहरूमा तोडफोड र आगजनी गरे। नष्ट गरिएका सबैभन्दा उल्लेखनीय स्थलहरू मध्ये सिंह दरबार थियो, जुन १९०८ को ऐतिहासिक दरबार परिसर थियो जसले नेपाल सरकारको प्रशासनिक केन्द्रको रूपमा काम गर्‍यो। "सिंहदरबार जलेको हेर्नु हृदयविदारक भन्दा कम छैन," "यसको साथ, हामी केवल इँटा र मोर्टार मात्र होइन, तर अपूरणीय रेकर्ड, सम्झनाहरू, र हाम्रो इतिहासको अन्तिम टुक्राहरू खरानीमा परिणत भएका छन्।"

आगोको ज्वालामुनि विरोध प्रदर्शन हुनुभन्दा धेरै अघिदेखि चल्दै आएको गहिरो निराशा लुकेको छ - भ्रष्टाचार, नातावाद र राजनीतिक संस्कृतिमा जरा गाडेको धेरै युवा नेपालीहरू विश्वास गर्छन् कि यसले उनीहरूको भविष्य खोसेको छ। फराकिलो संसारसँग जोडिएको पुस्ताको लागि, डिजिटल प्रतिबन्ध मार्फत उनीहरूलाई चुप लगाउने प्रयासले सुनिने उनीहरूको दृढ संकल्पलाई मात्र गहिरो बनायो। धेरै प्रदर्शनकारीहरूले यसलाई सामाजिक सञ्जालमाथिको लडाई मात्र नभई दशकौंदेखिको तोडिएको वाचाको हिसाब पनि मान्छन्।

सेना नयाँ अन्तरिम सरकार गठन गर्न अनन्त वार्तामा छ, तर कुनै समाधान फेला परेको छैन। पहिलो दिनदेखि नै त्यो शहरका सडकहरू बालबालिकाको रगतले रंगिएका थिए। त्यसपछि शहरमा आगो लाग्यो। अब के हुनेछ? हरेक हृदयमा प्रश्नहरू उठिरहेका छन्।केही समयअघि, संसद भवन अगाडि काठमाडौँको सडकमा भ्रष्टाचार विरुद्धको नारा लगाउँदा जेनेरेसन जेडले गहिरो आनन्द र गर्व महसुस गरे।

यो प्रतिरोध आवश्यक थियो - किनभने उनीहरूको माग र उनीहरूले उठाएका प्रश्नहरू जायज थिए। कुशासन र भ्रष्टाचार जताततै फैलिएको थियो। युवाहरूले विश्वास गर्थे कि सरकारले आफ्नो कुकर्म लुकाउन मात्र सामाजिक सञ्जालमा प्रतिबन्ध लगाएको थियो।

नेपाली राजनीति नातावाद र पक्षपातले भरिएको थियो। आम जनता चरम गरिबी र निराशामा बाँचिरहेका थिए। गत वर्ष मात्र पाँच लाख युवाहरूले आफ्नो देशमा कुनै जागिर नपाएको कारणले विदेशमा रोजगारीको लागि नेपाल छोडे।

सत्तामा मातेको सरकारले प्रशंसा गर्नेहरूलाई मात्र पुरस्कृत गर्‍यो, हरेक नियुक्ति र हरेक स्थानान्तरणमा घुस माग्यो, र तर्क वा स्वतन्त्रताका साथ बोल्नेहरूलाई अपमानित गर्‍यो।

राजनीतिक नेताहरूका परिवार र छोराछोरीहरू संसारभर घुमे र शाही सुखसुविधामा बसे, आम जनताले गुजारा चलाउन संघर्ष गरे। स्वाभाविक रूपमा, जनताको क्रोध र तीखो प्रश्नहरू दिनप्रतिदिन बढ्दै गए।

तर आन्दोलन यति अँध्यारो र हृदयविदारक भयो कि यसले स्वतन्त्रताको लागि सडकमा निस्केका स्कूले केटाकेटीहरूको ज्यान लियो, उनीहरूको स्कूल झोलामा किताबहरू अझै पनि थिए। नेपालले अस्पतालमा घाइतेहरूको कराहट र सडकमा निर्जीव शवहरू देखेको थियो।

नेपाली जनताले बारम्बार संकेत गरे कि उनीहरू अब ती भ्रष्ट नेताहरूलाई सत्तामा हेर्न चाहँदैनन्। ती नेताहरूले न त आफ्नो पार्टी भित्र न त राष्ट्रमा लोकतन्त्र सुधार गरे। उनीहरूले र उनीहरूका गुटहरूले लोकतन्त्रको नाममा जे-जति शोषण गरे त्यसको हिसाब उनीहरूले दिनुपर्नेछ।

यो हिसाब आउने दिनहरूमा सुरु हुनुपर्छ। ती नेताहरू कहिल्यै लोकतन्त्रको वास्तविक अनुहार थिएनन्, तैपनि उनीहरूले आफ्नो लोभको लागि लोकतन्त्रलाई बङ्ग्याए। तिनीहरूका कारण, इमान्दार र दूरदर्शी नेता र कार्यकर्ताहरू - जो साँच्चै राष्ट्रलाई सुधार गर्न चाहन्थे - सधैं किनारामा राखिए।जेनेरेसन जेड आन्दोलनको उत्पत्ति यी प्रश्नहरूमा भएको थियो।तर भ्रष्ट सरकारले त्यो आन्दोलनलाई नरसंहारमा परिणत गर्‍यो, देशलाई असहनीय पीडा र अनिश्चिततामा डुबायो। मृतकहरूको संख्या, मानवीय पीडा र भौतिक विनाश अझै पनि अकल्पनीय छ।

अब यो स्पष्ट छ कि नरसंहार पछि, अवसरवादी आक्रमणकारीहरू आन्दोलनको अशान्त पानीमा प्रवेश गरे। जेनेरेसन जेडको आधिकारिक पृष्ठहरू र वक्तव्यहरूमा एक नजर राख्दा यो स्पष्ट हुन्छ कि आन्दोलन अपहरण गरिएको छ। संसद जलाइयो। सिंहदरबार जलाइयो। सर्वोच्च अदालत र शक्तिको दुरुपयोगको अनुसन्धान गर्न गठित आयोग जलाइयो। दर्जनौं सरकारी कार्यालयहरू ध्वस्त भए। दर्जनौं व्यावसायिक केन्द्रहरू धुलोमा परिणत भए। अर्बौंको आर्थिक क्षति भयो।

एकपछि अर्को, कट्टर अपराधीहरू जेलबाट भागेर शहर र छिमेकमा प्रवेश गरे। सडकहरूमा लुटपाट व्याप्त थियो। रक्तपिपाही लुटेराहरूले होस्टेलमा केटीहरूलाई आक्रमण गर्न खोजेको रिपोर्ट पनि आयो।कसैको नियन्त्रण थिएन। सुरक्षा बलहरू मौन दर्शक बनेर बसे। सिंहदरबार जलाइँदा - जहाँ राष्ट्रको इतिहास संरक्षित थियो - सुरक्षा बलहरूले हेरिरहेका थिए। सेनाले सर्वोच्च कमाण्डर, राष्ट्रपतिको कार्यालय जलेको हेर्‍यो। हजारौं मुद्दाका फाइलहरू राखिएको सर्वोच्च अदालत अहिले खरानी र भग्नावशेषमा परिणत भएको छ। अमूल्य ऐतिहासिक, सांस्कृतिक र कानुनी अभिलेखहरू नष्ट भएका छन्।

ठूलो मात्रामा भएको आगजनीको कारण अनलाइनमा तीव्र बहस सुरु भएको छ, धेरै प्रदर्शनकारीहरूले हिंसाको निन्दा गर्दै, आफ्नो आन्दोलनले विनाश र तोडफोड होइन, जवाफदेहिता र सुधार खोजेकोमा जोड दिएका छन्। सामाजिक सञ्जाल खाता नेपालअनमास्क्डले सम्झायो कि यो विद्यार्थीहरू र जेन जेड समुदायले नेतृत्व गरेका थिए, "स्वतन्त्रता र जवाफदेहिताको लागि सबै कुरा जोखिममा पार्दै।" नेतृत्व गर्ने जेन जेड विरोध समूहले स्पष्ट पार्‍यो कि उनीहरूले आफ्नो आन्दोलनको क्रममा सार्वजनिक वा निजी सम्पत्तिमा आक्रमण सहन गर्दैनन्, बरु संगठित र अनुशासित प्रदर्शनको वकालत गर्दै। सरकारमा निर्देशित तीव्र निराशाको बावजुद, नेपालको सांस्कृतिक सम्पदाको सम्मान प्रदर्शनकारीहरूमाझ प्राथमिकतामा रह्यो। हो, हामीले नेपालको लागि राम्रो भविष्य निर्माण गर्न आवश्यक छ, तर कृपया हामीलाई हाम्रो इतिहास र ऐतिहासिक भवनहरू नष्ट नगर्न दिनुहोस्।

> हामी लोकतन्त्र होइन, भ्रष्टहरूलाई बिदाइ गर्न चाहन्थ्यौं ।जनरल-जेड आन्दोलनको नयाँ चरणमा, सहमति भएको चुनाव मितिसहित, छिटो व्यापक-आधारित सरकार गठन गर्नुपर्छ । त्यो सरकारले यो नरसंहारको अनुसन्धान गर्न र दोषीहरूलाई न्यायको कठघरामा ल्याउन बलियो आयोग गठन गर्नुपर्छ । भ्रष्टाचारको अनुसन्धान गर्न बलियो संयन्त्र निर्माण गर्नु पनि उत्तिकै महत्वपूर्ण छ ।

**अगाडिको बाटो**:

सोमबार (८ सेप्टेम्बर २०२५) आक्रोश थियो, आज निराशा र डर मात्र थियो।,९ सेप्टेम्बर २०२५ मो राज्य संस्थाहरू र सार्वजनिक सम्पत्ति जलाउनुको अर्थ हामी राज्यको रूपमा पछाडि हटेका छौं। संघीय प्रणालीमा धेरै निराशा थियो, तर विशेष गरी स्थानीय सरकारको स्तरमा धेरै उपलब्धिहरू भएका थिए - यो संविधानको अन्तिम दशकमा हामीले गरेका उपलब्धिहरू हराइसकेका छन्। संविधान आफैं अज्ञात क्षेत्रमा छ। कसैले पनि यस्तो अवस्थाको कल्पना गरेका थिएनन् जहाँ सरकार र यसका संस्थाहरू जनताको आक्रोशले बाहिर फ्याँकिनेछन् र जलाइनेछन्, र अब हामी एकदमै सरल रूपमा यस्तो अवस्थामा छौं जहाँ भविष्य पूर्ण रूपमा अनिश्चित छ।

२०१५ को संविधान निष्क्रिय छ। हिजोको दंगामा देखिएको जनआक्रोशले यो अब सान्दर्भिक नभएको सुनिश्चित गरेको छ। व्यवसायहरू - र कान्तिपुर जस्ता मिडिया हाउसहरूको विनाशको अर्थ राजनीतिज्ञहरू विरुद्धको आक्रोश स्थापनाको नजिक र लाभान्वित भएको ठानिने जो कोहीमा पनि फैलियो। लगभग सबै राज्य संस्थाहरू - सायद सेना बाहेक - यति हदसम्म प्रभावित भएका छन् कि सामान्यताको झलक फिर्ता ल्याउन कति समय लाग्छ भनेर अनुमान पनि गर्न सकिँदैन।

दुर्भाग्यवश अहिले त्यो समय होइन। युवाहरूको अभिव्यक्तिको उद्देश्य क्रोध, क्रोध र हत्यारा अभिप्रायले भरिएको हिंसात्मक उन्मादमा परिणत भयो। दोषारोपणको खेल सुरु भएको छः माओवादीहरूले यो गरे। राजावादीहरूले त्यो गरे। घन्टीहरूले यो गरे। प्रसाई गुण्डाहरूले त्यो गरे। यो गर्नु व्यर्थ छ। अनुहारविहीन सामूहिक आन्दोलन जति सुन्दर हुन सक्छ, यसलाई सधैं अन्य तत्वहरूद्वारा अपहरण गर्ने सम्भावना हुन्छ। युवा नेपालीहरूले यो राजनीतिको तरिका हो भनेर बुझ्नुपर्छः यो सही र गलत जत्तिकै सीधा र द्विआधारी छैन। युवा नेपालीहरूले यो पनि बुझ्नुपर्छ कि क्रान्ति र विनाश, र विचारधारा र अन्धविश्वास बीच ठूलो भिन्नता छ।

पछिल्ला घटनाहरू र तिनीहरूको धुवाँबाट उठ्ने प्रश्नहरू समयसँगै प्रकट हुनेछन्। तर आज, नेपाली जनता सबैभन्दा बढी एउटा कुरा चाहन्छन्ः लामो संघर्ष र युद्धबाट प्राप्त गरेको कठिनाइले जितेको संविधान र व्यक्तिगत स्वतन्त्रताहरू नष्ट नहोस्। उनीहरू चाहन्छन् कि अब जे हुन्छ त्यो कानूनको शासन अनुसार होस्।वर्षौंको संघर्षपछि नेपालले प्राप्त गरेको समावेशी, जनकेन्द्रित संविधान अमूल्य छ। यस महत्वपूर्ण समयमा, कसैले पनि जनताको स्वतन्त्रता खोस्ने प्रयास गर्नु हुँदैन। यस्तो अस्थिर र संवेदनशील समयमा, देश भित्र र बाहिरका शक्तिहरूले सजिलै हस्तक्षेप गर्न सक्छन् - सत्तामा रहेकाहरू सतर्क हुनुपर्छ। हामी लोकतन्त्र होइन, भ्रष्टहरूलाई बिदाइ गर्न चाहन्थ्यौं।जनरल-जेड आन्दोलनको नयाँ चरणमा, सहमति भएको चुनाव मितिसहित, छिटो व्यापक-आधारित सरकार गठन गर्नुपर्छ। त्यो सरकारले यो नरसंहारको अनुसन्धान गर्न र दोषीहरूलाई न्यायको कठघरामा ल्याउन बलियो आयोग गठन गर्नुपर्छ। भ्रष्टाचारको अनुसन्धान गर्न बलियो संयन्त्र निर्माण गर्नु पनि उत्तिकै महत्त्वपूर्ण छ।

पुरानो राज्य - जतिसुकै भ्रष्ट र निष्क्रिय भए पनि, यो अझै पनि हाम्रो हिस्सा थियो - अब छैन। अब सबै कुरा खरानीबाट उठ्नु पर्छ। तर यदि केहि छ भने, नेपाली जनता पनि लचिलो भएका छन्। राज्यको बावजुद तिनीहरू धेरै कुरामा सफल भए।

के हुन्छ यदि हामी त्यस्तो राज्यको कल्पना गर्न सक्छौं जुन निकासी गर्ने होइन, तर सक्षम बनाउने राज्य हो? नेताहरूले वास्तवमा आफ्ना निर्वाचन क्षेत्रहरूको कुरा सुन्छन् भन्ने बढी प्रतिनिधिमूलक लोकतन्त्रको लागि? मुख्यधाराका कथाहरू मात्र नभई सीमान्तकृत र अल्पसंख्यकहरूको पनि समावेश गर्ने बढी समतामूलक समाज बन्ने?त्यसो गर्नु भनेको संसारलाई दयालुताका साथ हेर्नु हो, बदलामा होइन तर संकल्पमा विश्वास गर्नु हो, र हामीले जलाएको भन्दा राम्रो नेपाल हुन सक्छ भन्ने विश्वास गर्नु हो। यो अब युवाहरूमा निर्भर छ।

# नेपालमा नयाँ पुस्ताको नेतृत्व माग



प्रेमचन्द्र झा


नेपालको राजनीतिमा दशकौंदेखि जरा गाडेका नेताहरू–शेरबहादुर देउवा, केपी शर्मा ओली, माधवकुमार नेपाल र पुष्पकमल दाहाल 'प्रचण्ड'–अझै पनि राजनीतिको केन्द्रमा छन्। यिनै नेताहरू नेतृत्वमा रहँदा देशले लोकतान्त्रिक गणतन्त्र, संघीयता र समावेशी राजनीतिको अभ्यास गरेको भए पनि, आजको दिनमा उनीहरूमाथि तीव्र आलोचना हुन थालेको छ। नयाँ पुस्ता, विशेष गरी "जेन जेड" वा अहिलेको जागरुक युवा पुस्ताले ती नेताहरूको राजीनामा माग गर्दै आन्दोलन गरिरहेका छन्। उनीहरूका अनुसार, यी नेताहरूले नेपालमा सुदृढ लोकतन्त्र विकास गर्न असफल भएका छन्, जनताको चाहनाअनुसार शासन सञ्चालन गर्न सकेका छैनन्, र भ्रष्टाचार, स्वार्थ र सत्ताको लोभमा पुराना संरचनालाई जोगाइरहेका छन्।

जेनजि आन्दोलन (न्भल-श :यखझभलत) एक स्वतःस्फूर्त र डिजिटल युगको आन्दोलन हो जसमा युवाहरूले सामाजिक सञ्जाल, सडक प्रदर्शन र साङ्गठनिक दबाबमार्फत परिवर्तनको आवाज उठाएका छन्। मुख्य मुद्दा भनेको पुराना नेताहरूको नेतृत्व असफल भएको र नयाँ पुस्तालाई अवरोध गरिएको हो। यस आन्दोलनमा उठाइएका प्रमुख मागहरूमा नयाँ पुस्तालाई राजनीतिक नेतृत्वमा अवसर दिनु, पुराना नेताहरूले स्वेच्छिक राजीनामा गर्नु, भ्रष्टाचार विरुद्ध कठोर कारबाही गर्नु, मानव अधिकार उल्लङ्घनको छानबिन गर्नु र नीति निर्माणमा युवा सहभागिता सुनिश्चित गर्नु रहेका छन्।

तर यो आन्दोलन सहज बनेको छैन। केही स्थानहरूमा प्रदर्शनकारीहरूमाथि दमन गरिएको, सुरक्षाकर्मीले अत्यधिक बल प्रयोग गरेको र युवाहरूको मौलिक अधिकार हनन भएको आरोपहरू छन्। कतिपय घटनामा गोली चलाइएको, धरपकड गरिएको र मानसिक दवाबका कारण आत्महत्या समेत भएको बताइन्छ। यही आधारमा नेताहरूमाथि "नरसंहार" जस्ता गम्भीर आरोपहरू समेत लगाइएको छ।

पुराना नेताहरूको नेतृत्वमाथि पनि व्यापक आलोचना हुँदै आएको छ। शेरबहादुर देउवाको पाँच कार्यकाल लामो भए पनि उनले आन्तरिक लोकतन्त्रलाई संस्थागत गर्न सकेनन्। युवाहरूलाई अवसर दिन नसकेको, कमजोर प्रशासनिक नेतृत्व र भ्रष्टाचारका कारण उनमाथि आलोचना छ। केपी शर्मा ओलीले राष्ट्रवादी छवि बनाए पनि कार्यान्वयनमा कमजोरी, सत्ताकेन्द्रित सोच र अभिव्यक्तिमाथि अंकुश जस्ता कारणले उनीप्रति असन्तुष्टि बढेको हो। माधवकुमार नेपालले नयाँ पार्टी खोले पनि व्यवहारमा पुरानै राजनीतिक शैली दोहोरिएको देखिन्छ। उनको नेतृत्वले युवालाई खासै आकर्षित गर्न सकेको छैन। पुष्पकमल दाहाल 'प्रचण्ड' ले कहिल्यै स्पष्ट दिशा दिन सकेनन्। युद्धकालीन विरासत र पछिल्ला सत्ता समीकरणका कारण उनी नेतृत्वको बदनाम प्रतीक बनेका छन्।

युवाहरूको असन्तुष्टि धेरै गहिरो कारणमा आधारित छ। नेपाली राजनीतिमा स्थायित्वको अभाव, नीति निरन्तरताको कमजोरी, र बारम्बार सरकार परिवर्तनले उनीहरूमा आक्रोश पैदा गरेको छ। भ्रष्टाचार, ढिलासुस्ती र अनियमितता चरम सीमामा पुगेको छ। बेरोजगारी, कमजोर शिक्षा प्रणाली र अवसरको अभावका कारण युवाहरू विदेश पलायनमा लाग्न बाध्य छन्। यी सबै समस्याको मूल कारण उनीहरूले पुराना नेताहरूलाई मान्ने गरेका छन्। पार्टीहरूको संरचना अझै पनि पुरानै ढाँचामा चलेको छ, जहाँ ७० वर्ष नाघेका नेताहरू अझै पनि पार्टीका शीर्ष नेतृत्वमा छन्। यस्तो अवस्थामा युवा पुस्ताले आन्दोलनमार्फतै नेतृत्व परिवर्तनको माग गरिरहेका छन्।



तर, पुराना नेताहरू भने आफूलाई "लोकतन्त्रका निर्माता" भनेर स्थापित गर्न खोजिरहेका छन्। उनीहरूले आन्दोलनलाई "भावनात्मक प्रतिक्रिया", "विदेशी प्रेरित" वा "अराजक गतिविधि"का रूपमा चित्रण गर्ने प्रयास गरेका छन्। यद्यपि, कतिपय नेताहरूले नेतृत्व हस्तान्तरणको कुरा बोले पनि व्यवहारमा नयाँ अनुहारहरूलाई अगाडि ल्याउने ठोस प्रयास देखिएको छैन। उदाहरणका लागि, देउवा र ओलीबीच भएका वार्ताहरूमा नेतृत्व सुम्पने विषयभन्दा सरकारमा कसरी सहभागी हुने भन्नेमा मात्र छलफल भएको देखिन्छ।

समस्या समाधानका लागि केही ठोस उपायहरू अवलम्बन गर्न आवश्यक छ। सबैभन्दा पहिला, पुराना नेताहरूले स्वेच्छिक रूपमा नेतृत्व हस्तान्तरण गर्नुपर्छ। पार्टीहरूमा उमेर सीमा तोकिनु, आन्तरिक लोकतन्त्र विकास गर्नु र युवाहरूलाई जिम्मेवारी दिनु आवश्यक छ। नीति निर्माणमा युवाको सहभागिता बढाउनुपर्छ, विशेष गरी स्थानीय तहदेखि केन्द्रसम्म। संविधान र मानव अधिकारको सम्मान हुनुपर्छ, आन्दोलनमाथिको दमन रोक्नुपर्छ र दोषीमाथि कारबाही हुनुपर्छ। साथै, शिक्षा, रोजगारी र उद्यमशीलता प्रवर्द्धनका लागि दीर्घकालीन रणनीति आवश्यक छ। पार्टी संरचनामा सुधार, निर्णय प्रक्रियामा पारदर्शिता, आन्तरिक प्रतिस्पर्धाको प्रवर्धन पनि अत्यावश्यक छ।

यद्यपि, यो मार्ग सहज छैन। पुराना नेताहरूको सत्तामा मोह, युवाहरूमा अनुभवको कमी, नेतृत्व परिवर्तनसँगै आउने सम्भावित अस्थिरता र दलभित्रको प्रतिरोधले यो प्रक्रिया चुनौतीपूर्ण बनाउँछ। तर परिवर्तनको माग अब नअटेरी हुने स्तरमा पुगेको छ।

नेपालको राजनीति अहिले यस्तो मोडमा पुगेको छ जहाँ युवाहरूले नेतृत्वको सवालमा कडा प्रश्न उठाएका छन्। पुराना नेताहरूले देशमा लोकतन्त्र ल्याएको भए पनि तिनको योगदानको सीमारेखा अब पूर्ण हुन थालेको संकेत जनताले दिएका छन्। राजनीतिको स्वाभाविक विकासक्रम अनुसार, नेतृत्वमा पुस्तान्तरण अपरिहार्य हुन्छ। तर त्यो स्वाभाविक रूपले नभएमा जनदबाब, आन्दोलन र समयकै चक्रले त्यसो गराउँछ। यदि अहिलेका नेता वास्तवमै राष्ट्रप्रेमी छन् भने, उनीहरूले स्वयं पद हस्तान्तरणको पहल लिनुपर्छ, नयाँ पुस्तालाई प्रशिक्षण, अवसर र संरचना दिनुपर्छ। यसो हुन सकेमा मात्र नेपालमा स्थायित्व, समावेशिता, उत्तरदायित्व र नवप्रवर्तनयुक्त राजनीतिको विकास सम्भव छ।

युवाहरूले उठाएका आवाजहरूलाई दबाउने होइन, सुन्ने र सम्बोधन गर्ने हो। किनभने आजको युवा नै भोलिको नेता हो – र उनीहरूलाई अधिकार, अवसर र जिम्मेवारी दिनु अब टार्न नसकिने आवश्यकता बनिसकेको छ।

# 'सहकार्य र समन्वयबाट नागरिकका आकाङ्क्षा सम्बोधन गर्न सकिन्छ'

काठमाण्डु । राष्ट्रियसभाका उपाध्यक्ष विमला घिमिरेले शान्ति, सहकार्य र आपसी विश्वासमार्फत समाज र नागरिकका आकाङ्क्षा सम्बोधन गर्न सकिने धारणा राख्नुभएको छ ।

उपाध्यक्ष घिमिरेले सोमबार एक विज्ञप्तिमार्फत नागरिकले आफ्ना विचार सार्वजनिक गर्नु, माग प्रस्तुत गर्नु र असन्तुष्टि व्यक्त गर्नु नै लोकतान्त्रिक अधिकार भएको बताउनुभयो । उहाँले कुनै पनि आन्दोलनले हिंसात्मक रूप लिँदा त्यसले समाजमा विभाजन, असुरक्षा र अविश्वास सिर्जना गर्ने उल्लेख गर्दै पछिल्लो पटक उठाइएका माग, आवाज र असन्तुष्टिलाई लोकतान्त्रिक प्रक्रियाभित्र समेट्दै दिगो समाधानको बाटो खोज्नु हाम्रो सामूहिक जिम्मेवारी हो", उपाध्यक्ष घिमिरेले विज्ञप्तिमार्फत भन्नुभयो ।

राज्यका निकायले नागरिकको आवाज सुन्ने, समस्या सम्बोधन गर्ने र दिगो समाधान खोज्ने प्रतिबद्धता जनाउन जरुरी रहेको उपाध्यक्ष घिमिरेको भनाइ छ । जेनजीको प्रदर्शनका क्रममा भदौ २३ र २४ गते भएको घटनाको गहिरो अनुसन्धान गरी दोषीमाथि कारबाही हुनुपर्नेमा जोड दिनुभयो ।



'जेनजी' प्रदर्शनले समाजका केही गहिरा असन्तुलन र दीर्घकालीन समस्या उजागर गरेकाले त्यसलाई संवाद र सहकार्यको बाटोबाट सम्बोधन गर्न आग्रह गर्नुभयो ।

उपाध्यक्ष घिमिरेले जेनजी प्रदर्शनका क्रममा ज्यान गुमाउने भाइबहिनी, सुरक्षाकर्मीलगायत सबैमा श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा गहिरो समवेदना व्यक्त गर्नुभयो । साथै उहाँले आन्दोलनका सबै घाइतेको शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो ।

"देश सङ्कटपूर्ण अवस्थामा रहेको वर्तमान अवस्थामा उत्तेजनामा आएर गरिने निर्णयले हामीलाई सही ठाउँमा पुर्‍याउँदैन । प्रदर्शनमार्फत प्रदर्शनका क्रममा पनि सार्वजनिक र निजी संरचना जोगाउन सहयोग गर्ने सबैप्रति हार्दिक सम्मान व्यक्त गर्दै उपाध्यक्ष घिमिरेले जेनजी प्रदर्शनबाट उत्पन्न परिस्थितिको सामना गर्दै शोकलाई शक्तिमा बदल्दै नयाँ नेपाल निर्माणमा सबै जुट्न आह्वान गर्नुभयो ।

युवापुस्ता, महिला, सीमान्तकृत समुदाय तथा विपन्न वर्गका आवाजलाई नसमेटी लोकतन्त्रलाई बलियो बनाउन नसकिने भएकाले नीतिनिर्माण र कार्यान्वयनमा सर्वसमावेशी दृष्टिकोण अपनाउँदै विगतका कमजोरी आत्मसात् गरेर भविष्यतर्फ जिम्मेवार ढङ्गले अघि बढ्न उहाँले सबैलाई आह्वान गर्नुभयो ।रासस

# अध्ययनमा विदेशियो १४ अर्ब ३१ करोड

काठमाण्डु । देशभित्रै सुविधा सम्पन्न विश्वविद्यालय, कलेज तथा आवश्यक शैक्षिक संस्था भए पनि अध्ययनका लागि विदेशिनेक्रम घट्नुको साटो बढ्दै गएको छ । एक महिनाको अवधिमा मात्रै अध्ययनका लागि रु १४ अर्ब ३१ करोड बराबरको रकम विदेशिएको छ ।

नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको विवरणअनुसार शिक्षातर्फको व्यय गत वर्षको तुलनामा थोरै कम छ । चालु आवको पहिलो महिनामा अध्यनयका लागि रु १४ अर्ब ३१ करोड व्यय भएकामा गत आवको सोही अवधिमा रु १४ अर्ब ९६ करोड थियो ।

चालु आवको पहिलो महिनामा सेवा खाताअन्तर्गत भ्रमण व्यय दुई दशमलव आठ प्रतिशतले कमी आई रु २१ अर्ब ७० करोड पुगेको छ । यस्तै, अघिल्लो वर्षको सोही अवधिमा भ्रमण व्यय रु २२ अर्ब ३२ करोड रहेको थियो ।

समीक्षा अवधिमा खुद सेवा आय रु १३ अर्ब ३९ करोडले घाटामा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद सेवा आय रु १५ अर्ब छ करोडले घाटामा रहेको थियो । सेवा खाताअन्तर्गत समीक्षा अवधिमा भ्रमण आय १२ दशमलव सात प्रतिशतले वृद्धि भई रु पाँच अर्ब ३८ करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु चार अर्ब ७७ करोड थियो ।

**बढ्यो विदेशी मुद्राको सञ्चिति, २८ खर्ब छ अर्ब पुग्यो**

देशभित्र कूल विदेशी मुद्रा सञ्चिति रु २८ खर्ब छ अर्ब चार करोड बराबर पुगेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको विवरणअनुसार गत असार मसान्तमा रु २६ खर्ब ७७ अर्ब ६८ करोड बराबर रहेको कूल विदेशी विनिमय सञ्चिति चार दशमलव आठ प्रतिशतले वृद्धि भएको हो ।

अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा १९ अर्ब ५० करोड रहेकामा गत साउन मसान्तमा दुई दशमलव सात प्रतिशतले वृद्धि भई २० अर्ब तीन करोड पुगेको छ ।

कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति गत असार मसान्तमा रु २४ खर्ब १४ अर्ब ६४ करोड रहेकामा गत साउन मसान्तमा चार प्रतिशतले वृद्धि भई रु २५ खर्ब ११ अर्ब ४५ करोड पुगेको छ ।

बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक)सँग रहेको विदेशी विनिमय सञ्चिति गत असार मसान्तमा रु दुई खर्ब ६३ अर्ब चार करोड रहेकामा गत साउन मसान्तमा १२ प्रतिशतले वद्धि भई रु दुई खर्ब ९४ अर्ब ५८ करोड कायम भएको छ ।




गत साउन मसान्तको कूल विदेशी विनिमय सञ्चितिमा भारतीय मुद्राको अंश २३ दशमलव चार प्रतिशत रहेको छ । आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले २० दशमलव चार महिनाको वस्तु आयात र १६ दशमलव छ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने देखिन्छ ।

समीक्षा अवधिमा चालु खाता रु ७८ अर्ब १४ करोडले बचतमा रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रु ३३ अर्ब आठ करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा २५ करोडले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा ५६ करोडले बचतमा रहेको छ ।

समीक्षा अवधिमा खुद पुँजीगत ट्रान्सफर रु एक अर्ब चार करोड रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो ट्रान्सफर रु २२ करोड रहेको थियो । यसैगरी, समीक्षा अवधिमा रु ६९ करोड प्रत्यक्ष वैदेशिक लगानी भित्रिएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो प्रत्यक्ष वैदेशिक लगानी रु ८० करोड रहेको थियो ।

सो अवधिमा शोधनान्तर स्थिति रु ८९ अर्ब ३० करोडले बचतमा छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रु ४० अर्ब ९० करोडले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ३१ करोडले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ६४ करोडले बचतमा रहेको छ ।

> चालु आर्थिक वर्षको पहिलो महिनामा मुलुकको व्यापार घाटा रु एक खर्ब १९ अर्ब ११ करोड बराबर पुगेको छ । नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको विवरणअनुसार कूल वस्तु व्यापार घाटा दुई दशमलव पाँच प्रतिशतले वृद्धि भएको छ ।

**कूल वस्तु व्यापार: रु एक खर्ब ४३ अर्बको आयात हुँदा २३ अर्बको निर्यात**

चालु आर्थिक वर्षको पहिलो महिनामा मुलुकको व्यापार घाटा रु एक खर्ब १९ अर्ब ११ करोड बराबर पुगेको छ। नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको विवरणअनुसार कूल वस्तु व्यापार घाटा दुई दशमलव पाँच प्रतिशतले वृद्धि भएको छ।

अघिल्लो वर्षको सोही अवधिमा यस्तो घाटामा शून्य दशमलव चार प्रतिशतले वृद्धि भएको थियो । चालु आवको पहिलो महिना अर्थात् गत साउनमा कूल वस्तु आयात ११ दशमलव चार प्रतिशतले वृद्धि भई रु एक खर्ब ४३ अर्ब चार करोड पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयातमा शून्य दशमलव छ प्रतिशतले कमी आएको थियो ।

वस्तु आयात गरिने मुलुकका आधारमा भारत, चीन र अन्य मुलुकबाट भएको आयात क्रमशः सात दशमलव पाँच प्रतिशत, १४ दशमलव एक प्रतिशत र २० दशमलव पाँच प्रतिशतले वृद्धि भएको छ।

वस्तुगत आधारमा भटमासको कच्चा तेल, यातायातका उपकरण, सवारीसाधन तथा स्पेयर पार्टस्, चामल/धान, कोइला, रासायनिक मललगायत वस्तुको आयात बढेको छ भने हट रोल्ड सिट इन क्वाइल, खाने तेल, पेट्रोलियम पदार्थ, अन्य मेसिनरी तथा पार्टस्, तेलहनलगायत वस्तुको आयात घटेको छ।

समीक्षा अवधिमा निर्यातआयात अनुपात १६ दशमलव सात प्रतिशत पुगेको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो अनुपात नौ दशमलव पाँच प्रतिशत थियो । समीक्षा अवधिमा भारतबाट परिवर्त्य विदेशी मुद्रा भुक्तानी गरी रु १३ अर्ब ४३ करोड बराबरको वस्तु आयात भएको छ । अघिल्लो वर्षको सोही अवधिमा यस्तो आयात रु १३ अर्ब ९८ करोड बराबर भएको थियो ।

यस्तै, चालु आवको पहिलो महिनामा कूल वस्तु निर्यात ९५ दशमलव सात प्रतिशतले वृद्धि भई रु २३ अर्ब ९३ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो निर्यातमा नौ दशमलव छ प्रतिशतले कमी आएको थियो । गन्तव्यका आधारमा भारततर्फको निर्यात १५६ दशमलव सात प्रतिशतले वृद्धि भएको छ भने चीन र अन्य मुलुकतर्फको निर्यात क्रमशः ६५ दशमलव दुई प्रतिशत र एक दशमलव चार प्रतिशतले कमी आएको छ।

वस्तुगत आधारमा भटमासको तेल, पाम तेल, पोलिस्टरको धागो, अलैँची, जुटका सामानलगायत वस्तुको निर्यात बढेको छ भने जिङ्क सिट, पार्टिकल बोर्ड, ऊनी गलैँचा, पिना, चियालगायत वस्तुको निर्यात घटेको छ।

**परदेशिएका नेपालीले पठाए एक खर्ब ७७ अर्ब विप्रेषण**

चालु आर्थिक वर्षको पहिलो महिनामा विदेशिएका नेपालीले रु एक खर्ब ७७ अर्ब ४१ करोड बराबरको रकम देशभित्र पठाएका छन् ।

आर्थिक वर्ष २०८२/८३ को पहिलो महिनामा विप्रेषण आप्रवाह २९ दशमलव नौ प्रतिशतले वृद्धि भएको नेपाल राष्ट्र बैंकले सोमबार सार्वजनिक गरेको विवरणमा उल्लेख छ । अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १७ दशमलव सात प्रतिशतले वृद्धि भई रु एक खर्ब ३६ अर्ब ६० करोड रहेको थियो ।

समीक्षा अवधिमा अमेरिकी डलरमा विप्रेषण आप्रवाह २५ प्रतिशतले वृद्धि भई एक अर्ब २७ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह १५ दशमलव आठ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा खुद द्वितीय आय (खुद ट्रान्सफर) रु एक खर्ब ९३ अर्ब ८५ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रु एक खर्ब ४८ अर्ब आठ करोड रहेको थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको सङ्ख्या ४४ हजार ४६६ र पुनःश्रम स्वीकृति लिनेको सङ्ख्या २३ हजार ६४४ रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सङ्ख्या क्रमशः ३६ हजार ९२८ र २२ हजार ६४७ थियो ।रासस

# 'जेनजी' आन्दोलनले ऐतिहासिक महत्त्वका तीन दरबारमा पूर्ण क्षति



काठमाण्डु । यही भदौ २३ र २४ गतेको 'जेनजी' आन्दोलनका क्रममा ऐतिहासिक महत्त्वका तीन दरबार आगलागीले पूर्ण क्षति भएको छ ।

एक सय वर्षभन्दा पुराना तीन दरबार शीतल निवास, सिंहदरबार र बबरमहल (सडक विभाग बसेको भवन) प्राचीन स्मारक संरक्षण ऐन, २०१३ अनुसार सम्पदास्थल भए पनि आन्दोलनका क्रममा जलेको छन् ।

पुरातत्व विभागका प्रवक्ता रामबहादुर कुँवरले केही अभियानकर्मीले पुरातत्व विभागअघि सम्पदा क्षेत्रमा केही नगरौँ भनी बसेकाले जोगिए पनि यी तीन सम्पदा क्षतिग्रस्त भए । यीबाहेक धार्मिक एवं सांस्कृतिक सम्पदामा भने कुनै क्षति नभएको उहाँले सुनाउनुभयो ।

आन्दोलनकारीले पशुपति क्षेत्र विकास कोषको भौतिक सम्पत्तिमा भने धेरै क्षति गरेका छन् । कोषका १७ वटा दुई पाङ्गे र २१ वटा चार पाङ्गे सवारीसाधनमा पूर्ण क्षति भएको विवरण प्राप्त भएको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सूचना अधिकारी गोकर्णप्रसाद उपाध्यायले जानकारी दिनुभयो ।

पुरातत्व विभागका दुई वटा चार पाङ्गे सवारीसाधनमा पूर्ण क्षति भएको छ । यसैगरी मन्त्रालयका दुई पाङ्गे दुई र चार पाङ्गे तीन वटा सवारीसाधनमा पूर्ण तथा दुई वटा दुई पाङ्गे र सात वटा चार पाङ्गे सवारीसाधनमा आंशिक क्षति भएको उपाध्यायले बताउनुभयो ।

नेपाल नागरिक उड्डयन प्राधिकरणको १६ वटा चार पाङ्गे सवारीसाधनमा पूर्ण क्षति पुगेको छ । यसैगरी तीन वटा चार पाङ्गे सवारीसाधनमा आंशिक क्षति पुगेको मन्त्रालयले तयार पारेको क्षति विवरणमा उल्लेख छ ।

यस्तै, नेपाल वायुसेवा निगमको एउटा दुई पाङ्गे र छ वटा चार पाङ्गेमा पूर्ण र १६ वटा चार पाङ्गे सवारीसाधनमा आंशिक क्षति पुगेको छ। राष्ट्रिय अभिलेखालयको एउटा चार पाङ्गे सवारीमा आंशिक क्षति भएको छ ।रासस

# उच्च मनोबलका साथ अगाडि बढ्न उद्योगीलाई सरकारको आग्रह



काठमाण्डु । सरकारले उद्योगीलाई उच्च मनोबलका साथ अगाडि बढ्न आग्रह गरेको छ । उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयका सचिवद्वय डा रामप्रसाद घिमिरे र कृष्णबहादुर राउतले निजी क्षेत्रका प्रतिनिधिमूलक संस्थासँग गर्नुभएको छलफलमा मुलुकलाई नयाँ ढङ्गबाट अगाडि बढाउन निजी क्षेत्रको सहयोग आवश्यक रहेको बताउनुभयो । उहाँहरूले निजी क्षेत्रलाई विद्यमान अवस्थाबाट अगाडि बढाउन आवश्यक सहयोग गर्न मन्त्रालय प्रतिबद्ध रहेको प्रतिबद्धता जनाउनुभयो ।

सचिवद्वयले आउँदै गरेको चाडपर्वलाई मध्यनजर गर्दै आवश्यक खाद्यान्नलगायत सामग्री पर्याप्त मौज्जाद रहेकाले कुनै अभाव नहुने जानकारी दिनुभयो । उहाँहरूले माग, आपूर्ति र प्रतिकूल प्रभाव पार्नेगरी वस्तु सञ्चित नगर्ने/नगराउन उत्पादक, पैठारीकर्ता, ढुवानीकर्ता, बिक्रेतालगायत सरोकार भएका सबैलाई अनुरोध गर्नुभयो ।

मन्त्रालयले आपूर्ति व्यवस्थामा ठूलो असर नपर्ने देखिएकाले वस्तु अनावश्यक रूपमा सञ्चित नगर्न सर्वसाधारणमा आग्रह गरेको छ । परिस्थिति सामान्य बन्दै गएकाले निजी क्षेत्रलाई आफ्ना उद्योग व्यवसाय सञ्चालन गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयले आह्वान गरेको छ ।

मन्त्रालयले आयात सहज गर्न कोरला नाका खुला गरिएको तथा सो नाकाबाट ठूलो मात्रामा सामान भित्रिरहेको जानकारी गराउँदै तातोपानी नाका खुलाउन प्रयास भइरहेको जनाएको छ । साथै दक्षिणतर्फका नाकासमेत नियमित सञ्चालनमा आइसकेको सचिवद्वय घिमिरे र राउतले जानकारी दिनुभयो ।

छलफलमा परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले अहिलेको विषम् परिस्थितिमा मुलुक अप्ठ्यारोमा परेकाले अर्थतन्त्र उकास्न सबैसँग सहकार्य र समन्वय गरी सहज वातावरण बनाउन आवश्यक रहेकामा जोड दिनुभयो । रासस

# अर्थमन्त्रीद्वारा निजी क्षेत्रसँग छलफल

काठमाण्डु । अर्थमन्त्री रामेश्वरप्रसाद खनालले निजी क्षेत्रका प्रतिनिधिसँग छलफल गर्नुभएको छ ।

मंगलबार अर्थ मन्त्रालयमा भएको छलफलका क्रममा निजी क्षेत्रको सुरक्षा प्रत्याभूति तथा लगानीमैत्री वातावरण निर्माणका लागि अब कसरी अघि बढ्न सकिन्छ भनेर छलफल भएको नेपाल उद्योग वाणिज्य महासङ्घका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताउनुभयो ।

"अहिलेको विषम परिस्थितिमा निजी क्षेत्रको सुरक्षाको प्रत्याभूति हुनुपर्ने, कर तिर्ने समय थप गर्ने, सहुलियत दिने, बीमा दाबी भुक्तानी तथा कर्जा प्रवाहमा सरलताका लागि राष्ट्र बैङ्कमार्फत सहजीकरण गरिनुपर्नेलगायतका विषयमा छलफल भएको छ", अध्यक्ष ढकालले राससँग भन्नुभयो, "अर्थमन्त्रीले निजी क्षेत्रका कुराहरू सकारात्मक रूपमा लिनुभएको छ । रासस


**समाजिक विकास र अनुसन्धान केन्द्र**
**जनकपुरधाम, मिल्स एरीया, धनुषा**
**मधेश प्रदेश, नेपाल**

**सिलबन्दी बोलपत्र आव्हानको सुचना**

पहिलो पटक प्रकाशित सुचना मितिः २०८२।०६।०१

यस समाजिक विकास र अनुसन्धान केन्द्रको लागि तल उल्लेखित सेवा तथा सामाग्रिहरुको निरन्तर आबश्यक भएकोले नेपाल सरकार बाट इजाजत प्राप्त आपूर्तिकर्ताहरुबाट मात्र यो सिलबन्दी बोलपत्र पेश गर्न आव्हान गरीएको छ । यस बोल पत्रको फारम https://drive.google.com/drive/folders/1eeMLw9Gyq6HVDY92ZkKfrJBe-M-abcWm?usp=sharing डाउनलोड गर्न सकिने वा यस संस्थामा स्वयं उपस्थित भई बोलपत्रको फारम लिन सकिने छ । बोलपत्र बुझाउने अन्तिम मिति २०८२ असोज २१ गते सम्म यस संस्थाको कार्यालयमा दर्ता गराउन सक्नुहुनेछ।

**आवश्यक सेवा तथा सामाग्रीहरू**

- स्टेशनरी
- हवाई टिकट
- होटल सेवा
- खाजा, खाना तथा नास्ता
- Press Printing
- Vehicle Hire
- Vehicle Servicing
- Drinking Water supply

**पेश गनुपर्ने आवश्यक कागजातहरूः**

१. कम्पनी रजिस्ट्रार प्रमाणपत्र प्रतिलिपी
२. स्थायी लेखा नम्बर प्रमाण पत्रप्रतिलिपी
३. आ.व. २०८१/२०८२ को कर चुक्ता प्रमाण पत्र प्रतिलिपी साथै चालु वर्षको प्रमाण पत्र प्राप्ती पश्चात बुझाउनु पर्ने ।

नोटः- सम्पूर्ण आपूर्तिकर्तामा Conflict of Interest Form अनिवार्य भर्न हुन अनुरोध गर्दछु ।

**समाजिक विकास र अनुसन्धान केन्द्र**
जनकपुरधाम, मिल्सएरीया
सम्पर्क नः ०४१ ५९०३७६


# निर्वाचनमा भाग लिएर देशलाई अग्रगतिमा लैजान पूर्वसांसद मञ्चको आह्वान

काठमाण्डु । पूर्वसांसद मञ्च नेपालले सबै राजनीतिक दलहरूले जनआकाङ्क्षाअनुसार आफूलाई परिमार्जन गर्दै निर्वाचनमा भाग लिएर देशलाई अग्रगतिमा लैजान आह्वान गरेको छ ।

मञ्चले जेनजी समूहको प्रदर्शनका क्रममा ठूलो जनधनको क्षति भएकोप्रति दुःख व्यक्त गर्दै सम्पूर्ण दललाई निर्वाचनमा भाग लिएर देशलाई अग्रगतिमा लैजान आव्हान गरेको हो । "लोकतन्त्रको उच्चतम अभ्यास निर्वाचन नै हो," मञ्चका अध्यक्ष ओमकारप्रसाद श्रेष्ठले जारी गरेको विज्ञप्तिमा भनिएको छ, "जनतामा जाने र आफूलाई जनपरीक्षामा उत्तीर्ण गराउने उत्तम अवसर पनि हो ।"

मञ्चले सडक आन्दोलनका नाममा जे पनि गर्न पाइन्छ भन्ने गलत नजिर नबसोस् र राज्यको सम्पदा, व्यक्ति र व्यक्तिका सम्पत्तिमा भएको तोडफोड र आगजनीको स्वतन्त्र आयोग बनाएर निष्पक्ष छानबिन भई दोषीलाई कारबाही गर्न माग गरेको छ ।

"विभिन्न शक्तिका चलखेलका बाबजुद नेपाली समाजले एउटा अन्तरिम सरकार पाएको छ, यसको पक्षमा भूमिका खेल्ने



राष्ट्रपतिलगायत अन्य व्यक्ति वा समुदायलाई यो मञ्च धन्यवाद व्यक्त गर्दछ," विज्ञप्तिमा भनिएको छ, "सरकारलाई समयमा नै निर्वाचन गराउन र समाजमा अमनचयन कायम गर्न सफलता प्राप्त हुनेछ भन्नेमा यो मञ्च अपेक्षा गर्दछ ।"

गत २३ र २४ गते जेनजी आन्दोलनका क्रममा मृत्यु हुन पुगेका सबै जनप्रति श्रद्धाञ्जलि र उहाँहरूका शोकसन्तप्त परिवारजनप्रति समवेदना प्रकट गर्दै घाइतेहरूको सरकारद्वारा उपचार गराउन माग गर्दै शीघ्र स्वास्थ्यलाभको कामना गर्नुभयो ।रासस

# धुवाँले सुकाइएका शव 'विश्वकै सबैभन्दा पुराना ममी' हुनसक्ने : अध्ययन



एएफपी

बैङ्कक । चीन र दक्षिणपूर्वी एसियाका केही प्राचीन समाजहरूले आफ्ना मृतकलाई धुवाँले सुकाउने अभ्यास गरेका थिए भन्ने नयाँ अनुसन्धानले देखाएको छ । यसरी गरिएको संरक्षण प्रक्रिया इजिप्टका ममीहरू भन्दा हजारौँ वर्ष अघिदेखि प्रभावकारी रूपमा प्रयोग भएको पत्ता लागेको हो ।

प्राचीन इजिप्टका पट्टीले बेरेका शवहरू करिब चार हजार पाँच सय वर्ष पुराना भए पनि ममीकरणको अघिल्लो प्राचीन उदाहरणहरू चिलीका अटाकामा तटवर्ती समाजबाट आएका थिए । त्यहाँ सुक्खा हावाले शवहरू स्वाभाविक रूपमा सुकाउने गर्थ्यो ।

तर चीन, भियतनाम, फिलिपिन्स, लाओस, थाइल्यान्ड, मलेसिया र इन्डोनेसियाजस्ता आर्द्र क्षेत्रका चिहानमा भेटिएका शवहरूमा अनुसन्धानकर्ताले असामान्य विकृति देखे । अवशेषहरूमा जलेका निशान भेटिए पनि दाहसंस्कारसँग मेल खाँदैनथे । शवहरूमा नरम तन्तु हराइसकेको देखिनु, वास्तवमा धुवाँले सुकाइएका ममीहरूको परिणाम हुन सक्ने निष्कर्षमा उनीहरू पुगे ।

वैज्ञानिकहरूले जापानका प्राचीन स्थलहरूका नमूनासँग तुलना गर्दा, हड्डीमा कम तापक्रमको असर भेटियो, जसले शव दाहसंस्कार नभई संरक्षण गर्ने उद्देश्य प्रष्ट गऱ्यो ।

केही नमूना १० हजार वर्षभन्दा पुराना थिए, जसले ममीकरण अभ्यास पहिले सोचिएभन्दा हजारौँ वर्ष अघिदेखि प्रचलनमा रहेको देखायो ।"यो ठूलो आश्चर्य थियो", अस्ट्रेलियन नेसनल युनिभर्सिटीका वरिष्ठ अनुसन्धानकर्ता सियाओ-चुन हङ्ले भन्नुभयो, "यति पुराना हड्डीमा यस्तो परम्पराको प्रमाण भेटिनु उल्लेखनीय छ । यसले प्राचीन मानिसहरूको अभ्यासलाई आजसम्म जीवित केही संस्कृतिसँग जोड्छ ।"

अनुसन्धानकर्ताले धुवाँ उष्णकटिबन्धीय जलवायुमै शव संरक्षणको सबैभन्दा प्रभावकारी विधि भएको मात्र नभई, सांस्कृतिक महत्त्वसमेत भएको निष्कर्ष निकाले । इन्डोनेसिया र अस्ट्रेलियाका समाजहरूमा अझै पनि शवलाई बाँधेर निरन्तर जलिरहेको आगोमाथि महिनौँसम्म राख्ने चलन छ ।

# गाजामा इजरायलमाथि नरसंहारको आरोप लगाउने बढ्दो स्वरमा मानव अधिकार विज्ञहरूको समर्थन

एपी

जेनेभा ।संयुक्त राष्ट्रसङ्घको मानव अधिकार परिषद्ले नियुक्त गरेको स्वतन्त्र विज्ञहरूको टोलीले इजरायलले गाजामा नरसंहार गरेको निष्कर्ष निकाल्दै मङ्गलबार प्रतिवेदन सार्वजनिक गरेको छ । प्रतिवेदनमा अन्तर्राष्ट्रिय समुदायलाई नरसंहार अन्त्य गर्न र जिम्मेवारहरूलाई सजाय दिन कदम चाल्न आह्वान गरिएको छ ।

तीन सदस्यीय टोलीले गरेको निष्कर्ष इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको सरकारविरुद्ध उठेको पछिल्लो आरोप हो । अधिकार अधिवक्ताहरूले इजरायल र हमासबीचको युद्धले दशौँ हजार मानिसको ज्यान लिएको भन्दै निरन्तर नरसंहारको आरोप लगाउँदै आएका छन् ।

इजरायलले भने यसलाई 'विकृत र झुटो' प्रतिवेदन भन्दै अस्वीकार गरेको छ ।चार वर्षअघि गठन गरिएको अधिकृत प्यालेस्टिनी क्षेत्र र इजरायलसम्बन्धी अनुसन्धान आयोगले सन् २०२३ अक्टोबर ७ मा हमास नेतृत्वमा भएको आक्रमणपछि गाजामा भएका मानव अधिकार उल्लङ्घनलाई निरन्तर कागजात गर्दै आएको हो । आयोग वा ४७ सदस्यीय परिषद्ले प्रत्यक्ष कारबाही गर्न नसके पनि यी निष्कर्षहरू अन्तर्राष्ट्रिय फौजदारी अदालत वा अन्तर्राष्ट्रिय न्याय अदालतमा प्रमाणका रूपमा प्रयोग गर्न सकिने बताइएको छ ।



प्रतिवेदनले पूर्व संयुक्त राष्ट्र मानव अधिकार प्रमुख नवी पिल्लेको नेतृत्वमा रहेको टोलीको अन्तिम निष्कर्षलाई पनि समेटेको छ । उहाँहरू तीनै जना सदस्यले जुलाईमा व्यक्तिगत कारण देखाउँदै राजीनामा दिनुभएको थियो । इजरायलले आयोगसँग सहयोग गर्न अस्वीकार गर्दै यसलाई इजरायल विरोधी पक्षपातपूर्ण संस्था भनेको छ । यसैबीच, संयुक्त राज्य अमेरिकालाई परिषद्बाट बाहिर निकाल्ने निर्णय यस वर्षको सुरुमा ट्रम्प प्रशासनले गरेको थियो ।

कानूनी विश्लेषणपछि आयोगले अन्तर्राष्ट्रिय महासन्धि अन्तर्गत परिभाषित पाँच नरसंहारका कार्यमध्ये चारमा इजरायल दोषी देखिएको निष्कर्ष निकालेको छ । आयोगका अध्यक्ष पिल्लेले भन्नुभयो, "गाजामा प्यालेस्टिनी जनतालाई नष्ट गर्ने उद्देश्य स्पष्ट छ, यसले नरसंहार महासन्धिमा तोकिएको मापदण्ड पूरा गर्दछ ।"

पिल्लेले करिब दुई वर्षको युद्धमा इजरायली उच्च अधिकारीहरू नरसंहारको जिम्मेवार रहेको बताउनुभयो । प्रतिवेदनमा नेतान्याहु, राष्ट्रपति आइज्याक हर्जोग र पूर्व रक्षामन्त्री योव ग्यालेन्टसहित अन्य नेताहरूले नरसंहारलाई उक्साएको उल्लेख गरिएको छ ।

यहुदी नरसंहारपछि स्थापना भएको इजरायलले नरसंहारको आरोपलाई यहुदी विरोधी 'रगतको अपमान' भन्दै अस्वीकार गरेको छ । इजरायलको विदेश मन्त्रालयले विज्ञहरूको प्रतिवेदनलाई 'हमासका प्रोक्सीको झुटो रिपोर्ट' भनेको छ ।

विज्ञहरूले इजरायली सुरक्षा बलको आचरण, अधिकारीहरूको स्पष्ट बयान, मृत्युको उच्च सङ्ख्या, गाजामा 'पूर्ण नाकाबन्दी' गरी भोकमरी निम्त्याउने कार्य, स्वास्थ्य प्रणालीको व्यवस्थित ध्वंस र बालबालिकाहरूमाथिको प्रत्यक्ष आक्रमणलाई नरसंहारका प्रमाणका रूपमा उल्लेख गरेका छन् ।

आयोगले अन्य देशहरूलाई इजरायलमा हतियार हस्तान्तरण रोक्न र नरसंहारमा योगदान पुऱ्याउन सक्ने गतिविधिबाट व्यक्ति वा कम्पनीहरूलाई रोक्न आग्रह गरेको छ । पिल्लेले भन्नुभयो, "अन्तर्राष्ट्रिय समुदाय गाजामा सुरु गरिएको नरसंहार अभियानप्रति मौन रहन सक्दैन । स्पष्ट प्रमाणहरू हुँदाहुँदै कारबाही नगर्नु सहभागिता सरह हो ।"


हालका संयुक्त राष्ट्र मानव अधिकार उच्चायुक्त भोल्कर टर्कले गाजामा इजरायलको युद्ध आचरणको निन्दा गर्नुभएको छ, तर औपचारिक रूपमा नरसंहारको आरोप भने लगाउनुभएको छैन । उहाँका अनुसार, यस्तो औपचारिक निर्धारण अन्तर्राष्ट्रिय न्यायालयले मात्र गर्न सक्छ ।अन्तर्राष्ट्रिय न्यायालयले यसबेला दक्षिण अफ्रिकाले इजरायलविरुद्ध दायर गरेको नरसंहार मुद्दाको सुनुवाइ गरिरहेको छ ।

# बङ्गलादेशः युनुसको नेतृत्वमा निर्वाचनअघि बढेका चुनौतीहरू

एएफपी

ढाका । विद्यार्थी नेतृत्वको विद्रोहपछि पूर्वप्रधानमन्त्री शेख हसिनाको १५ वर्षे निरङ्कुश शासन अन्त्य हुँदै निर्वासनमा भाग्न बाध्य भएपछि बङ्गलादेश राजनीतिक उथलपुथलमा छ ।

नोबेल पुरस्कार विजेता मुहम्मद युनुसको नेतृत्वमा रहेको अन्तरिम सरकारले आगामी फेब्रुअरीमा निर्वाचन गर्ने वाचा गरेको छ । तर १७ करोड जनसङ्ख्या भएको मुस्लिम बहुल मुलुकमा राजनीतिक विभाजन र हिंसा बढ्दै जाँदा शङ्का गहिरिँदै गएको छ ।चुनाव अझ पाँच महिना टाढा भए पनि हसिनाको पतनपछिका गठबन्धनहरू विखण्डन हुँदै गएका छन् ।



**मुख्य दलहरू को हुन् ?**

हसिनाको अवामी लिग प्रतिबन्धित भएपछि प्रमुख राजनीतिक खेलाडी बङ्गलादेश नेसनालिस्ट पार्टी (बिएनपी) र इस्लामवादी जमात-ए-इस्लामी रहेका छन् ।यससँगै विद्रोहको नेतृत्व गर्ने विद्यार्थी नेताहरूले बनाएको राष्ट्रिय नागरिक पार्टी (एनसिपी) पनि प्रमुख शक्ति बनेको छ । प्रतिद्वन्द्वी दलहरूले सडक हिंसाको आशङ्का व्यक्त गरिरहेका छन् भने युनुसले प्रक्रियामा विश्वास पुनःस्थापित गर्न सङ्घर्ष गरिरहनुभएको छ ।

**युनुस कहाँ उभिनुभएको छ ?**

पचासी वर्षीय युनुसले चुनावपछि पदत्याग गर्ने घोषणा गर्दै 'चुनावको विकल्प छैन' भन्नेमा जोड दिनुभएको छ । तर उहाँको दैनिक राजनीतिबाट दूरी, साथै सेनाको संलग्नता वा समर्थनबारे उठेका प्रश्नहरूले अनिश्चितता बढाएका छन् ।सेना प्रमुख जनरल वाकर-उज-जमान र शीर्ष अधिकारीबीच हालै भएका बैठकहरूले अनुमानलाई थप उकासेको छ । विद्रोहको लामो इतिहास बोकेको मुलुकमा सेनाले सदैव निर्णायक भूमिका खेलेको छ ।

**समूहहरू किन विभाजित छन् ?**

मुख्य विवाद 'जुलाई नेसनल चार्टर' लाई लिएर छ । यस सुधार दस्तावेजले प्रधानमन्त्रीका लागि दुई कार्यकालको सीमा र राष्ट्रपतिलाई थप अधिकार दिने प्रस्ताव गर्छ । चौरासी वटा सुधार बुँदामा सहमति भए पनि त्यसलाई कानूनी रूपमा कसरी लागू गर्ने भन्ने विषयमा दलहरू विभाजित छन् ।बिएनपीले सुधार चार्टरलाई निर्वाचनपछिको संसद्मार्फत मात्र अनुमोदन गर्न सकिने दाबी गर्छ भने अन्य दलहरूले चुनावअघि नै यसलाई कानूनी रूप दिनुपर्ने तर्क गर्छन् ।

जमातका नेता सैयद अब्दुल्लाह मोहम्मद ताहेरले सुधारहरूमा जनताको राय आवश्यक भएकाले जनमतसङ्ग्रह गर्नुपर्ने बताउनुभयो । एनसिपीका नेता सालेह उद्दीन सिफतले भने 'विद्रोहमा ज्यान गुमाउनेहरूप्रति विश्वासघात हुने' भन्दै माग पूरा नभएसम्म चुनावमा सहभागी नहुने चेतावनी दिनुभएको छ ।

**दलबीचको अन्य बहस**

अवामी लिगलाई कार्यकारी आदेशमार्फत प्रतिबन्ध लगाइएको थियो । जमातले हसिनासँग सम्बन्ध भएका थप १३ समूहलाई समेत प्रतिबन्धित गर्नुपर्ने माग गरेको छ । तर बिएनपीले अदालतको प्रक्रिया विना कुनै दल प्रतिबन्धित हुन नसक्ने भन्दै आपत्ति जनाएको छ ।यसबीच, युनुसले लन्डनमा बिएनपी नेता तारिक रहमानसँग भेट गरेपछि पक्षपातको आरोप खेपिरहनुभएको छ । यसले जमात र एनसिपीलाई असन्तुष्ट बनाएको छ ।

**अगाडि के-के चुनौती छन् ?**

अन्तरिम सरकार बढ्दो कानून-व्यवस्था समस्यामा फसिरहेको छ । विश्व बैंकका पूर्व वरिष्ठ अर्थशास्त्री जाहिद हुसेनले सरकारलाई 'सौहार्दपूर्ण र साहसी तर असहाय र हतप्रभ' भन्नुभएको छ ।

अधिकार समूह ऐन ओ सालिस केन्द्रका अनुसार यस वर्ष मात्रै एक सय २४ वटा भिडन्तका घटना दर्ता भएका छन् । प्रहरी तथ्याङ्कले हत्या, बलात्कार र डकैती बढेको देखाएको छ ।विश्लेषकहरूका अनुसार युनुसले विश्वसनीय निर्वाचन गराउन पूर्ण सैन्य समर्थन आवश्यक छ ।

# गाजा सहरमा इजरायली सेनाको व्यापक आक्रमण

एपी

जेरुसेलम । एक रातको तीव्र हवाई आक्रमणपछि इजरायली सेनाले मङ्गलबार गाजा सहरमा 'हमासको सैन्य पूर्वाधार नष्ट गर्न' व्यापक अपरेसन सुरु भएको घोषणा गर्दै बासिन्दाहरूलाई दक्षिणतर्फ सर्न चेतावनी दिएको छ ।

यो घोषणा सेनाका प्रवक्ता अविचे अद्राईले गर्नुभएको हो । यसअघि रक्षामन्त्री इजरायल काट्जले 'गाजा जलिरहेको छ' भन्नुभएको थियो । अपरेसनले इजरायल-हमास युद्धलाई थप तीव्र बनाएको छ र हप्तौँको कूटनीतिपछि पनि युद्धविराम सम्भावना अझ टाढिएको छ ।

**बन्धक परिवारको विरोध**

गाजामा अझै बन्धक रहेका परिवारहरूले प्रधानमन्त्री बेन्जामिन नेतान्याहुको निवास अगाडि भेला भई अपरेसन रोक्न माग गरेका छन् । कतिपयले पाल हालेर घरबाहिर रातभरै विरोध प्रदर्शन गरे ।"मेरो एउटै चासो छ-मेरो छोरा मतानलाई बाँकी ४७ बन्धकसँग फर्काइयोस् र हाम्रा सैनिकहरू सुरक्षित घर फर्कून्", आमा इनाभ जाङ्गाउकरले चिच्याउँदै भन्नुभयो ।इजरायलको विश्वास अनुसार ४८ बन्धकमध्ये करिब २० जना जीवित छन् । तर हमासले स्थायी युद्धविराम, प्यालेस्टिनी कैदीहरूको रिहाइ र इजरायली फिर्तीसँग मात्र सम्झौता गर्ने अडान लिएको छ ।

गाजा युद्ध सन् २०२३ अक्टोबर ७ मा सुरु भएको हो ।

उक्त दिन हमास नेतृत्वको आक्रमणमा करिब एक हजार दुई सय इजरायली मारिए र दुई सय ५१ जना अपहृत भए । कतिपय बन्धकहरू कतार वा अन्य सम्झौतामार्फत आंशिक युद्धविराममा मुक्त भएका छन् ।गाजाको स्वास्थ्य मन्त्रालयका अनुसार इजरायली आक्रमणमा कम्तीमा ६४ हजार आठ सय ७१ प्यालेस्टिनी मारिएका छन् । मृतकमध्ये महिला र बालबालिका लगभग आधा रहेको बताइएको छ ।



**इजिप्टको कडा चेतावनी**

इजिप्टका राष्ट्रपति अब्देल-फताह अल-सिसीले सोमबार कतार शिखर सम्मेलनमा इजरायललाई पहिलो पटक 'शत्रु' भन्दै सम्बोधन गर्नुभयो । सन् १९७९ को शान्ति सम्झौता पछि पहिलोपटक इजिप्टका नेताबाट यस्तो टिप्पणी आएको हो ।इजिप्ट सरकारका सूचना प्रमुख दिया रस्वानले 'इजिप्ट खतरामा परेको छ' भन्दै इजरायलप्रति असन्तुष्टि व्यक्त गर्नुभयो ।

**अमेरिकी चिन्ता**

यसैबीच, अमेरिकी विदेशमन्त्री मार्को रुबियो इजरायल भ्रमण सकेर कतार पुग्नुभएको छ । उहाँले गाजा अपरेसनलाई सङ्केत गर्दै ' हामीसँग सम्झौताका लागि अब महिनौँ होइन, दिन वा हप्तामात्र बाँकी छ' भन्नुभयो । रुबियोले युद्ध दीर्घकालीन बन्न नहुने भन्दै ' हमासलाई अव्यवस्थित पार्न वार्तामार्फत समाधान होस्' भन्ने अपेक्षा व्यक्त गर्नुभयो ।

**अपरेसन र क्षति**

इजरायली सेनाले हप्तौँदेखि दिएको चेतावनीपछि काट्जले अपरेसन सुरु भएको पुष्टि गर्नुभयो । "आतङ्कवादी पूर्वाधारमा फलामको मुट्ठीले प्रहार भइरहेको छ ।

हामी मिशन पूरा नभएसम्म न त हार मान्छौँ न फर्किन्छौँ", उहाँले भन्नुभयो ।संयुक्त राष्ट्रसङ्घका अनुसार गत महिनामा मात्र दुई लाख २० हजारभन्दा बढी प्यालेस्टिनी गाजाको उत्तरी भागबाट विस्थापित भएका छन् । अपरेसन अघि त्यहाँ करिब १० लाख बासिन्दा बसोबास गरेका थिए ।

मङ्गलबार बिहान गाजामा तीव्र आक्रमण भइरहेका समाचार आएका छन् । सहरको शिफा अस्पतालले कम्तीमा २० शव र ९० घाइतेको विवरण दिएको छ ।

"गाजामा निकै कठिन रात बित्यो, बम विस्फोट क्षणभर पनि रोकिएन", अस्पताल निर्देशक डा मोहम्मद अबु सेलमियाहले भन्नुभयो ।इजरायली सेनाले आक्रमणबारे प्रत्यक्ष टिप्पणी नगरे पनि विगतमा हमासले नागरिक क्षेत्रमा पूर्वाधार बनाएको आरोप लगाउँदै आएको छ ।

# अफगान सीमा नजिक पाकिस्तानी सेनाको कारवाहीमा ३१ तालिबान लडाकूको मृत्यु

एएफपी

इस्लामाबाद । पाकिस्तानी सेनाले अफगानिस्तानसँगको सीमा नजिक दुई अलग कारबाहीमा ३१ जना स्थानीय तालिबान लडाकू मारिएको दाबी गरेको छ । हाल ती क्षेत्रमा तालिबानको उपस्थिति बढ्दो क्रममा रहेको अधिकारीहरूले बताएका छन् ।यो कारबाही शनिबार भएको आक्रमणपछि भएको हो । शनिबार भएको आक्रमणमा पाकिस्तानी तालिबान (टिटिपी) ले दाबी गरेअनुसार छिमेकी जिल्लामा १२ जना सैनिक मारिएका थिए ।

सेनाले सोमबार ढिलो सार्वजनिक गरेको विज्ञप्तिमा सप्ताहन्तमा ३१ जना 'ख्वारिज' मारिएको जनाइएको छ । 'ख्वारिज' शब्द हाल अधिकारीहरूले टिटिपी लडाकूहरूलाई सम्बोधन गर्न प्रयोग गर्दै आएका छन् ।विज्ञप्तिमा पाकिस्तानले भारतमाथि आतङ्कवादीहरूलाई सहयोग गरेको आरोप लगाएको छ । दुई आणविक शक्ति भएका छिमेकी मुलुकहरू पाकिस्तान र भारतले लामो समयदेखि एकअर्कालाई आतङ्कवादी समूहहरूलाई समर्थन गरेर अस्थिरता सिर्जना गरेको आरोप लगाउँदै आएका छन् ।

सेनाले उक्त क्षेत्रमा 'भारतद्वारा प्रायोजित अन्य आतङ्कवादीहरूलाई समाप्त गर्न सफाइ अभियान सञ्चालन भइरहेको' पनि जनाएको छ ।सन् २०२१ मा अफगान तालिबान काबुलमा सत्तामा फर्किएपछि अफगान सीमा क्षेत्रमा आतङ्कवादी गतिविधि बढेको हो । सुरक्षा अधिकारीहरूका अनुसार पछिल्ला दुई महिनामा टिटिपी लडाकूहरूको उपस्थिति अझै बढेको छ ।




टिटिपी अफगान तालिबानबाट अलग भए पनि नजिकको सम्बन्ध राख्ने समूह हो । यसले पाकिस्तानभित्रै सुरक्षा बलहरू विरुद्ध आक्रमण गर्दै आएको छ ।इस्लामाबादले अफगानिस्तानमाथि उसका आतङ्कवादीहरूले पाकिस्तानमा आक्रमण गर्न अफगान भूमिको प्रयोग गरेको आरोप लगाउँछ । तर काबुलका अधिकारीहरूले यस्तो आरोप अस्वीकार गर्दै आएका छन् ।

एएफपीको तथ्याङ्कअनुसार यस वर्ष मात्रै उत्तरपश्चिमी खैबर पख्तुनख्वा र दक्षिणी बलुचिस्तान प्रान्तमा सशस्त्र समूहका आक्रमणमा चार सय ६० भन्दा बढी मानिस मारिएका छन् ।

# पूर्वी मलेसियामा भीषण भूस्खलन, १२ को ज्यान गयो

एएफपी

क्वालालम्पुर । गत हप्तादेखि निरन्तर परेको भारी वर्षाले बोर्नियो टापुको सबाह राज्यमा भूस्खलन हुँदा कम्तीमा १२ जनाको मृत्यु भएको समाचार मङ्गलबार सार्वजनिक भएको छ ।

हालैका बाढीका कारण राजधानी कोटा किनाबालु वरपरका तल्लो क्षेत्रमा बसोबास गर्ने दुई हजारभन्दा बढी व्यक्तिलाई सुरक्षित स्थानमा सारिएको उद्धार अधिकारीहरूले जनाएका छन् ।सबैभन्दा भीषण घटना सोमबार भयो । सोमबार राजधानीको बाहिरी क्षेत्रमा रहेको अनौपचारिक बस्तीमा भग्नावशेष ठोक्किँदा चार बालबालिका सहित आठ जनाको ज्यान गएको न्यु स्ट्रेट्स टाइम्सले उल्लेख गरेको छ । सोही दिन कोटा किनाबालुबाट करिब एक सय किलोमिटर पूर्वमा रहेको गानामा अर्को भूस्खलन हुँदा १० वर्षीया बालिकासहित तीन जनाको मृत्यु भयो । गत हप्तामा पेनामपाङमा ९७ वर्षीय वृद्धलाई माटोले गाडेको घटनामा ज्यान गएको थियो ।



लगातार १० दिनदेखि परेको वर्षाले सबाहका तल्लो क्षेत्रमा बाढी ल्याउनुका साथै भूस्खलन, घर र पूर्वाधारमा ठूलो क्षति पुऱ्याएको छ । मलेसियाको सबैभन्दा गरिब राज्य मानिने सबाह विशेषगरी नोभेम्बरदेखि मार्चको मनसुनमा नियमित रूपमा बाढीको जोखिममा पर्ने गर्छ ।

मलेसियाका उपप्रधानमन्त्री अहमद जहिद अमिदीले सोमबार राति खोजी तथा उद्धार कार्यमा सहयोग गर्न दक्षिणपूर्वी एसियाली देशका विभिन्न प्रतिक्रिया एजेन्सीहरूलाई परिचालन गरेका गर्नुभएको छ । सबाह सरकारले विपत्तिका कारण यस वर्षको मलेसिया दिवस समारोह पनि रद्द गरेको छ ।

# मोरङमा आकस्मिक खरिदमार्फत सरकारी संरचनाको पुनर्निर्माण गरिने



विराटनगर । 'जेनजी' को प्रदर्शनका क्रममा यही भदौ २४ गते भएको आगजनी र तोडफोडबाट क्षति पुगेका मोरङका सरकारी कार्यालय तथा संरचनाको पुनर्निर्माणका लागि आकस्मिक खरिद प्रक्रिया अघि बढाउने निर्णय गरिएको छ ।

सोमबार बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ६६ र सार्वजनिक खरिद नियमावलीको नियम १४५ अनुसार विशेष परिस्थितिमा गर्न सकिने आकस्मिक खरिदको बाटो खोल्ने निर्णय गरेको हो ।

प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले पुनर्निर्माणका लागि आवश्यकपर्ने सामग्रीको मात्रा र गुणस्तरसम्बन्धी सूची तयार गरी सोका आधारमा खरिद प्रक्रिया अघि बढाइने निर्णय गरिएको बताउनुभयो । उहाँका अनुसार सार्वजनिक खरिद अनुगमन कार्यालयलाई जानकारी दिँदै अघि बढाइने बैठकले निर्णय गरेको हो ।

प्रदर्शनका क्रममा विभिन्न सरकारी कार्यालय, संरचना तथा सम्पत्तिमा ठूलो क्षति पुगेको थियो । सेवा प्रवाह अवरुद्ध हुन नदिन र क्षतिग्रस्त कार्यालयलाई पुनः सञ्चालनमा ल्याउन तत्काल खरिद प्रक्रिया अघि बढाउनुपर्ने अवस्था आएको प्रजिअ यादवले उल्लेख गर्नुभयो ।

बैठकले विगतमा सम्झौता भइसकेका आयोजना तथा कार्यक्रमलाई ढिला नगरी अघि बढाउने निर्णय गरेको छ । प्रदर्शनपछि भौतिक संरचनामा क्षति हुँदा काम रोकिएकाले सम्बन्धित निकायलाई तत्काल सञ्चालन गर्न निर्देशन दिने सहमति भएको उहाँले बताउनुभयो ।

क्षति पुगेका दमकललाई तत्काल मर्मत गरी सञ्चालनमा ल्याउनुपर्ने निर्णय बैठकले गरेको छ । आगलागी नियन्त्रण गर्ने उपकरण सञ्चालन नहुँदा स्थानीय सुरक्षा व्यवस्थामा जोखिम बढ्ने भएकाले यसलाई अति प्राथमिकतामा राखिएको प्रजिअ यादवले बताउनुभयो ।

उहाँका अनुसार आन्दोलनबाट भएको क्षतिको यथार्थ विवरण सङ्कलनको कार्य सुरु भइसकेको छ ।

प्रारम्भिक मुचुल्का तयार भइसकेको र पूर्ण मुचुल्का तयार भएपछि क्षति मूल्याङ्कन समितिमा पेस गर्ने निर्णय बैठकले गरेको उहाँले जानकारी दिनुभयो ।

विपद् अवधिमा कालोबजारी र मूल्यवृद्धि हुन नदिन प्रत्येक पालिकास्तरमा नियमित अनुगमन गर्ने, सर्वसाधारणलाई अत्यावश्यक उपभोग्य वस्तु सहज रूपमा उपलब्ध गराउने र कृत्रिम अभाव सिर्जना हुन नदिने गरी कार्ययोजना गरिने प्रजिअ यादवले विश्वास व्यक्त गर्नुभयो ।

प्रदर्शनकारीले जिल्लाका सार्वजनिक सम्पत्तिमा क्षति पुऱ्याएकाले पुनर्निर्माणमा केही समय लाग्ने जनाउँदै तत्कालका लागि अतिआवश्य सेवा सञ्चालनको पहल गरिने प्रजिअ यादवले बताउनुभयो । आकस्मिक खरिद प्रक्रियामार्फत शीघ्र पुनर्निर्माण सुरु गरिने उल्लेख गर्दै उहाँले प्रभावित सरकारी सेवा फेरि सहज रूपमा सञ्चालनमा आउने विश्वास व्यक्त गर्नुभयो ।रासस

# आन्तरिक राजस्व कार्यालयद्वारा करदाता सेवा सुरु

देवदह । रुपन्देहीस्थित आन्तरिक राजस्व कार्यालयले आफ्नो पार्किङस्थलबाट सेवा प्रवाह सुरुआत गरेको छ । भदौ २४ गते भएको तोडफोड र आगजनीबाट कार्यालयमा क्षति पुगेको थियो ।

प्रमुख कर अधिकृत प्रेमराज पोखेलले कार्यालयबाट प्रवाह गरिने सेवा कार्यालयको पार्किङमा टेन्ट राखेर आइतबारदेखि थालनी गरिएको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "हामीले अत्यावश्यक सेवा सुरु गरेका छौँ, धेरै सेवा अनलाइन माध्यमबाट प्रदान गरिरहेका छौँ, पार्किङमा ल्यापटप र प्रिन्टर राखेर हाम्रा करदातालाई दिनुपर्ने सेवा दिन सुरु गरेका छौँ ।"



इन्टरनेट र बिजुली व्यवस्थापन गरेर न्यूनतम साधनस्रोत र उपलब्ध कर्मचारीबाट सेवा प्रवाह भइरहेको उहाँले बताउनुभयो । सम्पूर्ण सेवा सञ्चालन गर्न सम्भव नभएकाले केही अत्यावश्यक सेवामात्र प्रदान गरिएको उहाँको भनाइ छ ।

उहाँका अनुसार आगजनी र तोडफोडबाट कार्यालयको मुख्य भवनमा क्षति पुगेको छ । सातवटा कोठा पूर्ण रूपमा जलेर नष्ट भएको उहाँले जानकारी दिनुभयो । त्यस्तै कोठाभित्र रहेका इलेक्ट्रोनिक सामान, कम्प्युटर, ल्यापटप, प्रिन्टर, टेबल, कुर्सी, ऱ्याक, सोफा, दराजलगायत थुप्रै सामान जलेरका प्रमुख कर अधिकृत पोखेलले बताउनुभयो । "केही करदाताका फाइल पनि त्यसमा परेका छन्", उहाँले भन्नुभयो । कार्यालयमा रहेका केही सवार ।साधन र गार्डरुम पनि जलेको उहाँले जानकारी दिनुभयो ।

सेवाग्राही सरोज साहले भवन क्षतिग्रस्त हुँदा पनि आन्तरिक राजस्व कार्यालयले सेवा प्रदान गरिरहेको भन्दै खुसी व्यक्त गर्नुभयो । उहाँले कार्यालयले प्रदान गरिरहेको सेवाबाट सेवाग्राही सन्तुष्ट नै रहेको बताउनुभयो ।

रुपन्देहीमा भदौ २३ गतेदेखि जारी भएको निषेधाज्ञा र कर्फ्यू पनि हटाइएको छ । यही भदौ २८ गते शनिबारदेखि निषेधाज्ञा र कर्फ्यू हटाइएको रुपन्देहीका प्रमुख जिल्ला अधिकारी डा टोकराज पाण्डेले जानकारी दिनुभयो । जिल्लाको समग्र शान्ति सुरक्षाको विश्लेषण गर्दा सामान्य रहेको र जनजीवन पनि सामान्यीकरणतर्फ उन्मुख भएको उहाँले बताउनुभयो ।

जिल्ला प्रशासन कार्यालयले पारस्परिक सद्भाव कायम गर्न, सार्वजनिक सेवा प्रवाह गर्न, शिक्षण संस्था सञ्चालन गर्न, आवागमन सञ्चालन गर्न, पूर्ववत क्रियाकलाप नियमित गर्न र बजार व्यवस्थालाई चलायमान बनाउन सरोकारवाला सबै पक्षसँग आवश्यक समन्वय र सहजीकरणका लागि अनुरोध गरेको छ ।रासस

# बीमा रकम दुरुपयोग गर्ने तीन कर्मचारी बर्खास्त




विराटनगर । कोशी अस्पतालको औषधि पसल (फार्मेसी)का कार्यरत तीन कर्मचारीलाई सेवाबाट बर्खास्त गरिएको छ । करार सेवाका ती कर्मचारीले स्वास्थ्य बीमा रकम दुरुपयोग गरेको खुलेपछि सेवाबाट बर्खास्त गरिएको हो । बर्खास्त गरिएकामध्ये दुई फार्मेसी सहायक र एक जना कार्यालय सहयोगी छन् । अस्पताल प्रशासनले ती कर्मचारीका बारेमा थप अनुसन्धान गरिरहेको जनाउँदै नाम सार्वजनिक भने गरेको छैन ।

ती कर्मचारीले औषधि कम आपूर्ति गरी बढी रकम कट्टा गर्ने, चिकित्सकले नलेखेका महँगा औषधि देखाएर भुक्तानी गर्ने, बिरामीका नाममा ठूलो मात्रामा औषधि देखाउनेजस्ता अनियमिततामा संलग्न भएको पाइएपछि सेवाबाट बर्खास्त गरिएको जनाइएको छ ।

मोरङका एक क्यान्सरपीडित बिरामीले उजुरी दिएपछि उपचार रकमको दुरुपयोगको घटना बाहिर आएको हो । अस्पतालको आकस्मिक कक्षमा उपचारका क्रममा चिकित्सकले सात दिनका लागि औषधि लेखिदिँदा पनि ती बिरामीको बीमा खाताबाट एक महिनाको औषधि बराबर रकम कटाइएको थाहा पाएपछि ती बिरामीले अस्पताल प्रशासनमा उजुरी दिएका थिए । लिखित उजुरी प्राप्त भएपछि अस्पतालले छानबिन समिति गठन गरी अनुसन्धान गरेको मेडिकल सुपरिटेन्डेन्ट डा रुणा झाले बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीलाई पहिले पनि कतिपय बिरामीले बीमाको औषधि दुरुपयोगबारे गुनासो गरेका थिए, तर यसपटक लिखित उजुरी नै आयो, उजुरीमा उल्लेखित मात्र होइन, अघिपछि काटिएका बिलसमेत परीक्षण गर्दा अनियमितता पुष्टि भएपछि उनीहरूलाई बर्खास्त गरिएको हो ।" अस्पताल प्रशासनले बर्खास्त गरिएका कर्मचारीको नाम सार्वजनिक नगरे पनि छानबिन समितिको प्रतिवेदनमा उनीहरूको प्रत्यक्ष संलग्नता प्रमाणित भएको उल्लेख छ ।

कोशी अस्पतालमा दैनिक करिब एक हजार बिरामी सेवा लिन आउँछन् । ती मध्ये आधाभन्दा बढी स्वास्थ्य बीमा सदस्य हुने गरेका छन् । बीमित बिरामीमध्ये सबैभन्दा धेरै दीर्घरोगका बिरामी छन् । अस्पतालको बीमा शाखाले उपलब्ध गराएको तथ्याङ्कअनुसार बीमित बिरामीमध्ये अधिकांश मेडिकल विभागमा उपचारका लागि पुग्ने गरेका छन् । आर्थिक वर्ष २०८१/८२को तथ्याङ्कका अनुसार अस्पतालमा उपचार सेवा लिन आएका तीन लाख १७ हजार ७१८ बिरामीमध्ये एक लाख २३ हजार ९८३ बिरामी स्वास्थ्य बीमामार्फत उपचार सेवा लिएका छन् । तीमध्ये उच्च रक्तचाप, दम, मधुमेह, ग्यास्ट्राइटिस, तल्लो पेट दुखाइलगायत रोगको उपचार गर्ने बिरामी धेरै छन् ।

मेडिसिन विभाग प्रमुख डा दीपक सिग्देलका अनुसार हाल सबैभन्दा बढी देखिने उच्च रक्तचाप, दम, मधुमेह, मुटुरोग र मस्तिष्कसम्बन्धी समस्या रहेका छन् । उहाँले भन्नुभयो, "पहिलेका दिनमा पाको उमेरका मानिसलाई मात्र हुने यो रोग अहिले युवापुस्तामा पनि देखिन थालेका छन् । लामो समयसम्म औषधि खानुपर्ने रोग बढ्दै गएकाले बीमा सेवा लिनेको चाप दिनानुदिन बढिरहेको छ ।"

हाडजोर्नी रोगसम्बन्धी विभाग, स्त्री तथा प्रसूति विभाग, नाक कान घाँटी, स्नायु रोग, छाला तथा अन्य विभागमा पनि बीमित बिरामीको चाप बढ्दो छ । स्वास्थ्य सरोकारवालाका अनुसार बीमित बिरामी र दीर्घरोगीहरूको सङ्ख्या बढ्दै गएकाले औषधि आपूर्ति र बिलिङ प्रणाली अझ पारदर्शी बनाउनुपर्ने आवश्यकता झनै बढेको छ ।रासस

# दाङमा सात सय ३० हेक्टरमा व्यावसायिक केराखेती



घोराही । पछिल्लो समय यहाँ व्यावसायिक रूपमा केराखेती गर्ने किसानको सङ्ख्या बढ्दै गएको छ । कृषि ज्ञान केन्द्रका प्रमुख नवराज भण्डारीका अनुसार जिल्लामा आर्थिक वर्ष २०८१/८२ मा सात सय ३० हेक्टर क्षेत्रफलमा व्यावसायिक केराखेती भएको थियो । यसमा नौ हजार ९७३ मेट्रिक टन केरा उत्पादन भएको कृषि ज्ञान केन्द्रको वार्षिक प्रतिवेदनमा उल्लेख छ ।

अघिल्लो आवमा छ सय ७० हेक्टर क्षेत्रमा केराखेती भएको ज्ञान केन्द्रसँग तथ्याङ्क छ । गत आवमा एक सय ५० हेक्टर केराखेती हुने क्षेत्रफल वृद्धि भएको हो । जिल्लाको उत्पादनले बजारको करिब ७० प्रतिशत माग धान्ने गरे पनि चाडपर्वका समयमा भने बाहिरी जिल्लाकै भर पर्नुपर्ने अवस्था रहेको केन्द्रका प्रमुख भण्डारी बताउनुहुन्छ ।

"जिल्लामा पछिल्लो समय व्यावसायिक केराखेती बढ्दै गएको छ, उत्पादन वृद्धि भएको र आत्मनिर्भर उन्मुखतर्फ अगाडि बढेको छ", प्रमुख भण्डारीले भन्नुभयो । रोपेको सबै बिरुवा उत्पादन दिने नभएकाले अहिलेलाई बाहिरबाट आउने केरामै भर पर्नुपर्ने अवस्था रहेको उहाँको भनाइ छ ।

जिल्लामा देउखुरीको राप्ती, शान्तिनगर,गढवा गाउँपालिका, घोराही र तुलसीपुर उपमहानगरपालिकाका विभिन्न ठाउँमा व्यावसायिक केराखेती हुने गरेको छ । केराखेतीमा ठूलो लगानी गर्ने किसान तथा व्यवसायी पनि लागेको पाइएको छ ।

प्रमुख भण्डारीका अनुसार जिल्लामा केराखेतीको राम्रो सम्भावना छ, त्यसैले पनि पछिल्लो समयमा केराखेती गर्नेको सङ्ख्या हरेक वर्ष वृद्धि हुँदै गएको छ । केराको बजारसमेत राम्रो रहेको उहाँ बताउनुहुन्छ । सबैले उपयोग गर्ने भएकाले केरा खपतमा समस्या छैन । खेती विस्तारका लागि किसानलाई कार्यालयले अनुदानसमेत दिएको थियो ।

अन्य याममा जिल्लामा उत्पादन भएका केराले लगभग पुग्ने भए पनि चाडपर्वका समयमा जिल्ला बाहिरसँगै भारतबाट फलफूल भित्र्याउनुपर्ने अवस्था छ । केराको मागअनुसार उत्पादन हुन नसक्दा जिल्ला बाहिरबाट केरा ल्याउनुपर्ने हुँदा बर्सेनि करोडौँ रकम बाहिरिने गरेको व्यवसायी भगत विक बताउनुहुन्छ ।

"जिल्लाको उत्पादनले तीन महिना पनि धान्न सक्दैन", फलफूल व्यवसायी विकले भन्नुभयो । जिल्लामा धेरै केरा भारतबाटै आउने गरेको उहाँको भनाइ छ । चितवन, नवलपरासी, टीकापुरलगायत जिल्लाबाट केरा ल्याउने गरे पनि बाह्रै महिना नपुग्ने उहाँको भनाइ छ ।रासस

# खुकुरी' को माग उच्च : बनाउन कालीगढको चरम अभाव

भोजपुर । परम्परागत खुकुरी बनाउने कालीगढ पेसाप्रति नयाँ पुस्ताको रुचि घट्दै जाँदा जिल्लामा 'भोजपुरे खुकुरी' निर्माणमा सङ्कट देखिएको छ । दक्ष कालीगढको अभावले मागअनुसारको उत्पादन गर्न नसकिएको व्यवसायीहरू बताउँछन् ।

पुस्तान्तरण नहुँदा तथा संरक्षणको अभावले कालीगढ पेसा सङ्कटमा पर्दै गएको हो । भोजपुरे खुकुरीको माग स्थानीय बजार, बाहिरी जिल्लासँगै अन्तरराष्ट्रिय बजारसम्म हुने भए पनि मागअनुसारको खुकुरी उत्पादन हुन नसकेको व्यावसायीहरूको भनाइ छ ।

खुकुरीले ख्याति कमाएको जिल्लामा दक्ष कालीगढ अभावले उत्पादनमा कमी आएको स्थानीय कालीगड हर्कबहादुर विश्वकर्माले बताउनुभयो । कालीगड पेसामा नयाँ पुस्ताको रुचि हराउँदै गएका कारण खुकुरी उत्पादनमा कमी आउँदा माग धान्न समस्या रहेको उहाँको भनाइ छ ।

"पछिल्लो समय भोजपुरे खुकुरीको देश-विदेशबाट माग आउने गरेको छ", उहाँले भन्नुभयो, "गाउँघरमा अहिले दक्ष जनशक्ति नहुँदा उत्पादनमा कमी आएको छ । बजारको मागलाई धान्न मुस्किल छ । यो पेसालाई पुस्तान्तरणको अभाव देखिएको छ ।"

मुख्य गरेर भोजपुरे, सिरुपाते, चित्लाङ्गले कोथीमोडालगायतका खुकुरीको बजारमा बढी माग रहेको उहाँले बताउनुभयो । यहाँ उत्पादन भएका खुकुरी आकारअनुसार न्यूनतम रु एक हजारदेखि अधिकतम २० हजारसम्म पर्ने व्यवसायी दिनेश गजमेरले बतउनुभयो । बाहिरका जिल्लाबाट दुईचार सय खुकुरीको माग आउने भए पनि धेरै माग भएको खण्डमा धान्न समस्या हुने उहाँको भनाइ छ ।

विगतका वर्षहरूमा धेरै कालीगढ भए पनि पछिल्लो समयमा व्यावसायिक रूपमा यो काम गर्ने मानिसहरूको सङ्ख्या क्रमशः घट्दै गएको उहाँले जानकारी दिनुभयो । बढी मेहेनत गर्नुपर्ने साथै व्यवसाय गर्नका लागि आवश्यक हुने कच्चा पदार्थ अभावसँगै नयाँ पुस्तामा यसप्रति मोह कम भएकाले यो पेसा सङ्कटमा पर्दै गएको उहाँले बताउनुभयो ।

विदेश जाने लहरको कारण गाउँघरमा सञ्चालनमा रहेका खुकुरी बनाउने आरन उद्योग बन्द हुँदा खेतीपातीका लागि आवश्यक पर्ने कृषि औजार उपकरण बनाउने जनशक्तिको पनि अभाव देखिन थालेको छ ।रासस

**Social Development & Research Center (SDRC)**
**Janakpurdham, Dhanusha, Nepal**
**Invitation for Bid**
**Construction of Installation of Deep Tube Well**
**CONTRACT NO: SDRC/NCB/Work/ 082/83**
**2nd Publication: 16th September 2025**

Social Development & Research Center (SDRC) In support from Plan International Nepal invites sealed bid from the eligible and qualified bidders under Jal Surakshya Madhesh Drought Response Project for Installation of Deep Tube Well & Construction of Platform. Interested bidders may obtain the bid documents from Social Development & Research Center by Free fee.

i. Bidder registered as per law of Nepal.
ii. Bidder with experience for deep tube well construction project will be highly preferred.
iii. Bidder who have minimum 2 years of working experience and in last 2 years have last audit report.

All bids accompanied by a bid security of 2.5% of bid price must be submitted in accordance with the instruction to bidders latest by 2:00pm on 18th September 2025 in the addresses given below. Technical Proposal will be opened at SDRC Janakpur office in the presence of bidder's representatives who choose to attend at 3:30 pm on 18th September 2025.

**Note:** SDRC reserve rights to accept or reject any/all tender document without necessary reason.

**The addresses referred to above are:**
**Social Development & Research Center (SDRC)**
**Mills Area, Janakpurdham-1, Dhanusha, 9801674439**

**भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा**
**हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

यसमा जिल्ला धनुषा मानसिंहपट्टी गा.वि.स. वडा नं.१ हाल परिवर्तित जनकपुरधाम उप-महानगरपालिका वडा नं.१७ मा बस्ने मंगल साहू तेलीको नातिनी जिमदार साहु तेलीको छोरी रामदत्त साहु तेलीको पत्नी मनतोरिया देवी तेलिनले मेरो बुबा जिमदार साहु तेलीको नाउँमा लगत कायम रहेको साबिक मौजे सिवपुर जब्दीको सा.कि.नं.४४ क्षेत्रफल ०-६-० र ऐ.सा.कि.नं.४१ क्षेत्रफल ०-६-० जग्गा सर्वे नापी हुँदा जि.ध.गा.वि.स.कटरैत वडा नं.८ कि.नं.५० क्षेत्रफल ०-१२-५ जग्गा निजकै नाउँमा नापनक्सा भई दर्ता गर्न छुट भएकोमा निजको मिति २०३०/०४/१० मा आफ्नो कालगतिले परलोक भई निजको हकभोग अपुताली खाने हकदार एकमात्र पत्नी आनन्दी देवी तेलीको पनि मिति २०३२/०७/०५ मा आफ्नै कालगतिले मृत्यु भई निजहरुको हकभोग अपुताली खाने छोराहरुको जायजन्म नभई एकमात्र छोरी मनतोरिया देवी तेलिन भएकोले मेरो नाममा छुट जग्गा दर्ता नामसारी गरि पाउँ भनी द.नं.१०९ मिति २०८१/०४/०२ को यस कार्यालयमा माग निवेदन परी उक्त निवेदनको कारवाही सम्बन्धमा हकदावी सम्बन्धी सूचना प्रकाशन गर्ने भनी यस कार्यालयको मिति २०८२/०५/२४ को आदेशानुसार यो ३५ दिने हकदावी सम्बन्धी सार्वजनिक सूचना प्रकाशन गरिएको छ । अतः माग दाबी बमोजिम निवेदकको नाममा छुट जग्गा दर्ता नामसारी गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी, सार्वजनिक सम्पतिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको टाँस भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैतीस) दिनभित्र यस कार्यालयमा स-प्रमाण दाबी उजुर गर्न आउनु होला। सूचना गर्नु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा सम्बन्धित सबैका लागि सूचित गरिन्छ ।

**तपसिल**

| जिल्ला | क्षेत्र | वडा नं. | कि. नं. | क्षेत्रफल | फिल्डबुकको व्यहोरा |
|---|---|---|---|---|---|
| धनुषा | कटरैत | ८ | ५० | ०-१२-५ | यो जग्गा पं. मेनहरपुर बस्ने जीम्दार साहको नम्बरी हो सही रामदुलार |

**कबिर टोबाको इण्डष्ट्रिज प्रा. लि. आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**(प्रकाशित मितिः २०८२/०६/०१)**

मधेश प्रदेश, धनुषा जिल्ला, धनुषाधाम नगरपालिकामा कबिर टोबाको इण्डष्ट्रिज प्रा.लि. द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | कबिर टोबाको इण्डष्ट्रिज प्रा. लि.<br>धनुषाधाम नगरपालिका-०६, धनुषा, मधेश प्रदेश, नेपाल<br>फोनः ९८०१०९७५५५ |
| प्रस्तावको व्यहोरा | झापा जिल्लाको बिर्तामोड नगरपालिका वडा नं. ५ मा वार्षिक ६,००० के.जी. सुर्ति प्याकेजिङ गर्दै आएकोमा, हाल यस उद्योग स्थानान्तरण गरी उत्पादनबाट सुर्ति प्याकेजिङ हटाएर वार्षिक ८,००० MT Gutkha/Paan Masala, ५०० MT Sweet Supari र ५०० MT Surti को उत्पादन थप गरी क्षमता अभिवृद्धि गर्ने लागिएको |
| प्रभाव पर्न सक्ने जिल्ला न.पा./ गा.पा. | धनुषा जिल्ला, धनुषाधाम नगरपालिका, वडा नं ०६ |
| कित्ता नं | १९९, २०१, २०९, २२९, २८३, ५३५, ५३४ |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबिच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको न.पा./गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आई पुग्ने गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **धनुषाधाम नगरपालिका, वडा नं ०६ को कार्यालय** | |
| **प्रविधि तथा वातावरण शाखा, उद्योग विभाग, त्रिपुरेश्वर, काठमाडौं** | |
| प्रस्तावकको नाम र ठेगाना | **कबिर टोबाको इण्डष्ट्रिज प्रा. लि.**<br>धनुषाधाम नगरपालिका-०६, धनुषा, मधेश प्रदेश, नेपाल<br>फोनः ९८०१०९७५५५ |
| परामर्शदाताको नाम र ठेगाना | **एस एम एस ईन्भाएरोमेन्ट एण्ड ईन्जिनियरिङ्ग प्रा. लि.**<br>महालक्ष्मी नगरपालिका-१, इमाडोल, ललितपुर, नेपाल<br>ईमेलः smseenepal@gmail.com<br>फोनः ०१-५४३१११ |

# मुख्यमन्त्रीद्वारा अटेरपछि समर्थन फिर्ता लिएको जानकारी



**टुडे समाचारदाता**

जनकपुरधाम । जनमत पार्टीले मधेश प्रदेशको मुख्यमन्त्री सतीशकुमार सिंहलाई राजीनामा दिन निर्देशन दिए पनि अहिलेसम्म अटेर गरेको भन्दै पार्टीले सरकारबाट नै समर्थन फिर्ता लिएको छ।

पार्टीको निर्देशनअनुसार मुख्यमन्त्री सिंहले राजीनामा दिन ढिलाइ गरिराख्दा प्रदेश संसदीय दलका नेता महेशप्रसाद यादवले समर्थन फिर्ता लिइसकेको पत्र प्रदेशसभामा दर्ता गराएका छन् ।

जनमत पार्टी मधेश प्रदेशका संसदीय दलका नेता यादवले प्रदेशसभालाई लेखेको पत्रमा भनिएको छ, 'हाम्रो दल जनमत पार्टीले मधेश सरकारलाई दिएको समर्थन फिर्तासहित मुख्यमन्त्री र मन्त्रीलाई फिर्ता बोलाइएको जानकारी मधेश प्रदेश प्रमुखको कार्यालयलाई भदौं २८ गते नै गराइसकेको सो को जानकार ीसहित सदनमा हाम्रो दलको सोही अनुसार व्यवस्थापनका लागि अनुरोध गर्दछौं ।'

जेन- जी आन्दोलनमा सरकारले दमन गरेपछि जनमतले कांग्रेस-एमाले गठबन्धनबाट बाहिरिने निर्णय गरेको थियो ।

यता मुख्यमन्त्री सिंहलाई संसदीय दलका नेता यादवले पदसहित फिर्ता बोलाएको र सभामा सोही अनुसारको व्यवस्थापनका लागि समेत जानकारी सभामुख रामचन्द्र मण्डललाई गराएको सम्बन्धमा प्रेस सल्लाहकार अवधेश झाले सोबारे अनभिज्ञता प्रकट गरे।

# भ्रष्ट लेखापाल जोगाउन दुई वडाध्यक्षको रहस्यमयी षड्यन्त्र

भदौं २४ गते निलम्बित लेखा अधिकृत यादवले दुई वडा अध्यक्ष र आफ्ना समर्थकलाई विद्यालयमै भेला गरी मासु-रक्सी खुवाएर करिब १५ हजार रुपैयाँ खर्च गरेको खुलासा भएको छ। सोही दिन दुबै वडा अध्यक्ष सहित उनीहरु जेन जी आन्दोलनको आवरणमा सडकमा नारा जुलुस निकाल्दै बेलुकी नगरपालिका कार्यालयमा भीड जम्मा गरेर आगजनी र लुटपाटमा उत्रिएका थिए ।

**सञ्जय मिश्रा**

रौतहट । रौतहटको फतुवा बिजयपुर नगरपालिकामा हालै भएको आगजनी र लुटपाटको पछाडि निलम्बित लेखा अधिकृत नवीन यादवलाई जोगाउने षड्यन्त्र रहेको खुलेको छ प्रमुख जिल्ला अधिकारी (सिडिओ) विनोद कुमार खडकाको नेतृत्वमा गरिएको स्थलगत अनुगमनका क्रममा स्थानीय बासिन्दाले घटनाबारे प्रत्यक्ष खुलासा गरेका छन् ।



अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा भ्रष्टाचार मुद्दा खेपिरहेका निलम्बित लेखा अधिकृत यादवलाई बचाउन नेपाली कांग्रेसबाट निर्वाचित वडा ८ का अध्यक्ष नितेश चौधरी, वडा ९ का अध्यक्ष राकेश यादव (पप्पु) र मावि दुधिअवाका शिक्षक रविन्द्र यादव प्रत्यक्ष रूपमा संलग्न रहेको प्रमाण बाहिर आएको छ । स्थानीयका अनुसार, उनीहरूले जनतालाई उचालेर नगरपालिका कार्यालय, स्वास्थ्य शाखा , शिक्षा शाखा र मेयर बस्ने कोठासम्ममा तोडफोड ,आगजनी तथा लुटपाट गरेका थिए ।

भदौं २४ गते निलम्बित लेखा अधिकृत यादवले दुई वडा अध्यक्ष र आफ्ना समर्थकलाई विद्यालयमै भेला गरी मासु-रक्सी खुवाएर करिब १५ हजार रुपैयाँ खर्च गरेको खुलासा भएको छ। सोही दिन दुबै वडा अध्यक्ष सहित उनीहरू जेन जी आन्दोलनको आवरणमा सडकमा नारा जुलुस निकाल्दै बेलुकी नगरपालिका कार्यालयमा भीड जम्मा गरेर आगजनी र लुटपाटमा उत्रिएका थिए।

नगरपालिका घरधनी शम्भु जैसवालका अनुसार, आफूले आगो निभाउन खोज्दा वडा अध्यक्षहरूले धम्कीसमेत दिएका थिए- "देश जलिरहेको छ, धेरै कुरा नगर्नुस्, नत्र तपाईंलाई पनि यही आगोमा फालिन्छ।"

त्यस्तै मेयरलाई कोठा भाडामा दिएका रामेश्वर साहका अनुसार वडा अध्यक्ष सहितको टोली आफ्नो घरसमेत जलाउने तयारी गरेको थियो । तर आफूले १५ बर्ष बिदेश बसेर कमाएको पैसाले घर बनाएको छु, आन्दोलनको नाउँमा जलाउन दिन्न भनी हारगुहार गरेपछि बजारबासी समेतको सम्झाइबुझाइले मात्र रोकिएका थिए। तर मेरो घरको झ्याल ढोका बिजुली पानीको लाई सबै तोडफोड गरी मेयर बस्ने कोठामा रहेका दराज, टेबल, सोफा लगायत सामग्री लुटपाट तथा आगजनीमा गरेको उनले बताएका थिए।

फतुवा बिजयपुर नगरपालिकाका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत शम्भु यादव र लेखा अधिकृत नवीन यादव करिब एक वर्षअघि अख्तियारले भ्रष्टाचार मुद्दामा दोषी ठहर गर्दै निलम्बित गराएका थिए। त्यतिमात्र नभइ केही जनप्रतिनिधिसंग मिलेर उनीहरू एउटै कामको तीनपटक भुक्तानी दिएको मुद्दा समेत अख्तियारमा दर्ता भएको छ, जसको बिगो झण्डै अढाई करोड रुपैयाँ रहेको एकजना नगर कार्यपालिका सदस्यले बताएका छन् ।

हालका प्रमुख प्रशासकीय अधिकृत भरत यादवले उक्त फाइलहरू अख्तियारमा पठाउन थालेपछि भ्रष्ट अधिकारीहरू प्रमाण नष्ट गर्न उतावला बनेको स्थानीय कार्यपालिका सदस्यको दाबी छ। निलम्बित लेखा अधिकृत नवीन यादव एकबर्षको समय बित्दापनी नगरपालिका संग हालसम्म बुझ बुझारथ नगरेको प्रमुख प्रशासकिय अधिकृत भरत यादवले जनकपुर टुडेलाई जानकारी दिएका छन्।

आगो र तोडफोडले नगरपालिका कार्यालय, स्वास्थ्य शाखा र मेयर बस्ने कोठामा रहेको करोडौं मूल्य बराबरको सम्पत्ति नष्ट भएको छ। फाइल, कागजातदेखि विद्युत उपकरण र कार्यालय सामग्री जलेका वा लुटिएका छन् । प्रमुख प्रशासकीय अधिकृत भरत यादवका अनुसार आगजनी तथा लुटपाटबाट ३ करोड ५० लाख रुपैयाँ बराबरको क्षति भएको प्रारम्भिक अनुमान गरिएको छ । क्षति यस भन्दा बढी पनी हुनसक्छ । तर आगजनी र लुटपाट ले कार्यालय र शाखाहरुमा कुनै फर्नीचर, भौतिक सामग्री, कागजात केही पनि छैन। ती सोही ठाउँमा तत्काल कार्यालय सञ्चालन गर्ने अवस्था नरहेको अधिकृत यादवले बताएका छन्।

सरकारको निर्देशन अनुसार तत्काल नगरपालिकाको कामकाज सञ्चालन गर्न फतुवा स्थित वडा स्वास्थ कार्यालय भवन उपयुक्त देखिएको छ।

स्थलगत अनुगमनमा सिडियो बिनोद कुमार खड्का, नेपाल प्रहरीका एसपी नेत्रमणि गिरी, सशस्त्र प्रहरीका एसपी रामहरि अधिकारी, अनुसन्धानका एसपी कुमार बुढाथोकी, नेपाली सेनाका कर्णेल विश्वास विष्ट, कार्यवाहक मेयर अम्बेया खातुन, दलका नेतागण, नागरिक समाजका प्रतिनिधि र सञ्चारकर्मीको सहभागिता थियो।

फतुवा बिजयपुरको घटना साधारण विरोध प्रदर्शन नभई योजनाबद्ध आपराधिक गतिविधि भएको स्पष्ट देखिन्छ। निर्वाचित वडा अध्यक्षहरूले नै भ्रष्टाचार आरोपमा मुछिएका अधिकृतलाई जोगाउन जनतालाई उचाल्नु लोकतान्त्रिक मूल्य र जनप्रतिनिधिमाथिको विश्वासमाथिको गम्भीर प्रहार हो ।

२०७९ सालमा फतुवा बिजयपुर नगरपालिकामा भएको स्थानीय निकायको निर्वाचनमा नेपाली कांग्रेसको टिकटबाट मेयर, उपमेयर सहित ११ मध्ये ७ जना वडा अध्यक्ष निर्वाचित भएका थिए।

# जेन- जी आन्दोलनको क्रममा उपराष्ट्रपतिको घरमा लुटपाट

**टुडे समाचारदाता**

बारा । जेन- जी आन्दोलनको क्रममा उपराष्ट्रपति रामसहाय प्रसाद यादवको कलैयास्थित घरमा पनि लुटपाट भएको छ। उपराष्ट्रपति यादवका छोरा शत्रुधन यादवले आफ्नो घर तोडफोड र लुटपाट गर्ने जेनजी नभएर बेग्लै किसिममा लुटेरा रहेको जानकारी दिए।

'घर तोडफोड गरेर लुटेराको समूहले बहिनीको बिहेका लागि बनाएर राखेको गरगहना, नगद रकम सबै लुटेर लगेछन्' उनले भने, 'गाउँको खेतबाट ल्याएको धान, गहुँ, मुसुरोलगायतका अन्नसमेत जलाएका छन् ।'



उपराष्ट्रपति यादवकी छोरीको बिवाह आगामी मंसिर ८ गते हुँदैछ । बिवाहकै लागि जुटाएको रकम र किनेका गरगहना लुटिएको परिवारजनले जनाएको छ ।

घरमा तोडफोड र लुटपाट भएपछि उपराष्ट्रपतिकी पत्नी चम्पादेवी यादव चिन्तितमात्र भइनन्, बिरामी भएर केही दिनदेखि अस्पतालमै रहेको छोरा शत्रुधनले बताए। 'धेरै वर्ष लगाएर बनाएको घरमा राम्रोसँग बस्न पनि पाइएको थिएन, यसरी तोडफोड हुँदा साह्रै दुःख लागेको छ,' उनले भने।

गत मंगलबार जेन- जी आन्दोलनमा पूर्वमन्त्रीहरू किसान श्रेष्ठ, ज्वालाकुमारी साहलगायतको घरमा पनि आगजनी र तोडफोड भएको थियो।

स्थानीय प्रशासनले जेनजी आन्दोलनको क्रममा भएका निजी तथा सार्वजनिक सम्पत्तिको क्षति विवरण सङ्कलन गरिरहेको छ। बाराको विश्रामपुर गाउँपालिकाको भवन र सवारी साधन तोडफोड र आगनजीले ध्वस्त भएको जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक सन्तोष तामाङले बताए।

उक्त आन्दोलनमा निजगढ नगरपालिका, सिमरास्थित आन्तरिक राजस्व कार्यालय, जीतपुरसिमरा उपमहानगरको कार्यालय, नगरप्रमुख र ईलाका प्रशासन कार्यालय सिमराका प्रमुखले प्रयोग गर्ने सवारी साधन, निजगढ नगरपालिका अन्तर्गतका ८ वटा वडा कार्यलय, जीतपुर सिमराका ६ वटा वडा कार्यालय लगायतका सार्वजनिक सम्पत्तिमा क्षति पुगेको स्थानीय प्रशासनले जनाएको छ।

प्रहरी उपरीक्षक तामाङले भने, 'आगजनी गर्ने, गराउन उक्साउने सबैलाई घटनाको फोटो भिडियो हेरेर अनुसन्धान गरी पहिचान गर्छौं र आवश्यक कानुनी कारबाही हुन्छ, घटनाक्रम सामान्य भएपछि संग्लन सबैमाथि मुद्दा चल्छ । यस्ता घटनामा राज्यले आज कारबाही गरेन भने भोलि झनै ठुलो दुर्घटना निम्त्याउँछ र बदलाको भावना शुरु हुन्छ।'

# छिन्नमस्ताद्वारा राष्ट्रिय पुनर्निर्माणका लागि ५ लाख ५१ हजार सहयोग गर्ने



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको छिन्नमस्ता गाउँपालिकाले जेन-जी आन्दोलनको क्रममा भएको क्षतिको पुनर्निर्माणमा सहयोग गर्न दुई दिनको तलब-भत्ता बराबरको ५ लाख ५१ हजार रुपैयाँ राष्ट्रिय पुनर्निर्माण कोषमा दिने निर्णय गरेको छ।

जनप्रतिनिधि र कर्मचारीहरुको मंगलबारको संयुक्त बैठकले सो निर्णय गरेको जनाइएको छ।

'पुनर्निर्माणमा सहयोग पुगोस् भनी उद्देश्यले हामीले दुई दिनको तलब-भत्ता राष्ट्रिय पुनर्निर्माण कोषमा जम्मा गर्ने सम्पूर्ण जनप्रतिनिधि र कर्मचारीहरुले स्वतःस्फूर्त रुपमा निर्णय लिएका छौं,' गाउँपालिका अध्यक्ष विद्यानन्द चौधरीले भने, 'हामीले सर्वसाधारणलाई कुनै पनि प्रकारको असुविधा नहुने गरी प्रभावकारी सेवा प्रवाह गर्दै आइरहेकोमा अझ परिष्कृत ढंगबाट सेवा गर्ने दृढ प्रतिबद्धतासहित काम गरिरहेका छौं।'

उक्त बैठकबाट भदौं २३ र २४ गतेको आन्दोलनका क्रममा सहादत प्राप्त गरेको सहिदहरुप्रति श्रद्धाञ्जलीका साथै आन्दोलनमा घाइते भएकाहरुको शीघ्र स्वास्थ्यलाभको कामनासमेत गरिएको छ।

# जनकपुरधामतर्फ आउँदै गरेको नेपाली सेनाको गाडी दुर्घटना

**टुडे समाचारदाता**

जनकपुरधाम । मकवानपुर-बाराको सीमानाकास्थित चुरियामाईमा मंगलबार दिउँसो नेपाली सेनाको एक ट्रक दुर्घटना हुँदा कम्तीमा १६ जना सैनिक घाइते भएका छन्। घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ।



तनहुँस्थित नं. २ राजदल गणबाट धनुषातर्फ जाँदै गरेको लु १ ग २८० नम्बरको ट्रक हेटौंडा उपमहानगरपालिका-१५ स्थित चुरियामाईको पुलबाट करिब १०-१२ फिट तल खोल्सामा खसेको छ।

उपसेनानी हर्ष विक्रम अधिकारीको कमाण्डमा रहेको चारवटा ट्रकमध्ये एक ट्रक दुर्घटनामा परेको हो। दुर्घटनाग्रस्त ट्रकमा २२ जना सैनिक सवार थिए।

जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाए अनुसार दिउँसो करिब २:५० बजे दुर्घटनाको खबर प्राप्त हुनासाथ प्रहरी नायब उपरीक्षक श्यामु अर्यालको कमाण्डमा प्रहरी टोली घटनास्थल पुगेको थियो।

मकवानपुर र बारा दुवैतर्फका प्रहरी र नेपाली सेनाकै सहयोगमा घाइतेहरूको तत्काल उद्धार गरी उपचारका लागि हेटौंडा अस्पताल पठाइएको छ। घाइतेमध्ये तीन जनाको अवस्था गम्भीर रहेको र अन्यको अवस्था सामान्य रहेको बताइएको छ।

दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको बारा प्रहरीले जनाएको छ।

# विषालु रक्सीले लियो तीनजनाको ज्यान

**टुडे समाचारदाता**

बारा। बाराको सुवर्ण गाउँपालिकामा विषालु रक्सी सेवनका कारण एक भारतीय नागरिकसहित तीन जनाको मृत्यु भएको प्रहरीले जनाएको छ।

रक्सी सेवन गरेपछि बिरामी परेका उनीहरूको सोमबार उपचारका क्रममा भारतको कटगेनवा बजारमा मृत्यु भएको इलाका प्रहरी कार्यालय कवहीगोठले पुष्टि गरेको छ। मृत्यु हुनेहरूमा भारत बिहारका अजमुल मियाँ र सुवर्ण गाउँपालिका-३ का रविशंकर यादव र गोपाल यादव रहेका छन्।

भारतको बिहारमा रक्सीमाथि प्रतिबन्ध लागेपछि दशगजा क्षेत्रमा भारतीय नागरिकलाई लक्षित गरी अवैधानिक मदिरा पसलहरू सञ्चालनमा आएको स्थानीयले बताए।

इलाका प्रहरी कार्यालयका प्रहरी नायब निरीक्षक सोनु कुमार मिश्रले दिएको जानकारी अनुसार मृतकले रक्सी सेवन गरेको प्रारम्भिक जानकारी आए पनि उनीहरूको मृत्युको वास्तविक कारण मेडिकल रिपोर्ट आएपछि मात्र खुल्नेछ। प्रहरीले घटनाको थप अनुसन्धान गरिरहेको छ।

# नख्खु कारागारबाट फरार कैदी पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । नख्खु कारागार काठमाण्डुबाट फरार भएका एक कैदीलाई सर्लाही प्रहरीले नियन्त्रणमा लिएको छ।

कर्तव्य ज्यान मुद्दामा नख्खु कारागारमा सजाय भोगिरहेका सर्लाहीको मलंगवा नगरपालिका-७ का करिब ३० वर्षीय फिरोज मन्सुरलाई नियन्त्रणमा लिएको सर्लाही प्रहरीले जनाएको छ। भदौं २५ गते जेन-जी समूहको आन्दोलनका क्रममा उनी कारागारबाट भागेर फरार भएका थिए।

गोप्य सूचनाको आधारमा सर्लाही प्रहरीले उनलाई आफ्नै घरमा लुकीछिपी बसिरहेको अवस्थामा सोमबार साँझ नियन्त्रणमा लिएको छ।

पक्राउ परेका मन्सुरलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखिएको र आवश्यक प्रक्रिया पूरा गरी मलंगवा कारागार पठाउने तयारी भइरहेको सर्लाही प्रहरीले जनाएको छ।

भर्ना खुल्यो !

विगत १७ वर्ष देखि संचालन मा रहेको जनकपुर कै सवै भन्दा पुरानो नर्सिङ्ग होम द्वारा संचालित केयर मेडिकल सेन्टरमा नर्सिङ्, फार्मेसी, ल्याब टेक्निसियन मा वैकल्पिक सूची रहेको विद्यार्थीलाई ५ दिन भित्र यस क्याम्पसमा सम्पर्क गरी भर्ना हुन सुचित गरिन्छ तथा फाराम भर्न छुटेका विद्यार्थीहरुलाई पूनः प्रवेश परीक्षा र भर्नाको लागि समेत जानकारी गराईन्छ।

नोट :- फाराम भर्ने अन्तिम मिति २०८२/०६/५

फाराम भर्ने स्थान

केयर मेडिकल सेन्टर

सरस्वती स्कुलको पछाडी

सम्पर्क नं. ०४१-५२०४७९, ९८५४०२३०५०

संविधान एक दशक ।

- संविधान देशको मुल कानून हो,
- संविधानप्रदत्त हक र अधिकारको रक्षा गर्नु सबैको कर्तव्य हो,
- संविधान अनुरुप बनाइएका कानूनको उद्देश्य नागरिक अधिकारको रक्षा गर्नु हो,
- संविधानसंग बाझिने कानूनहरु बाझिएको हदसम्म अमान्य हुन्छन्,
- नेपालको संविधान जारी भएको एक दशक पुरा भएको अवसरमा संविधान दिवस भव्य रुपमा मनाऔं ।

संविधानको पालना गर्नु सबैको कर्त्तव्य हो !

नेपाल सरकार
विज्ञापन बोर्ड

मधेश कृषि विश्वविद्यालय
राजविराज, सप्तरी

कृषि स्नातक (B.Sc. Ag. Hons) तहको प्रवेश परीक्षाको Online आवेदन फारम भर्ने सम्बन्धी सूचना

शैक्षिक सत्र २०८२/०८३ का लागि कृषि संकायमा ४ वर्षे कृषि स्नातक तह (B.Sc. Ag. Hons) मा अध्ययन गर्न आवश्यक न्यूनतम योग्यता पुगेका ईच्छुक विद्यार्थीहरुबाट मिति २०८२/०५/३१ गतेदेखि मिति २०८२/०६/३० गतेसम्म http://entrance.mau.edu.np मा गई Online आवेदन फारम भर्न सूचना प्रकाशन गरिएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८